म.जि.प्र.का.द.नं. : १०६/०६८, | वर्ष १५ | अंक ९९ | मंगलबार, ९ मंसिर २०८२ | ने. सं. ११४६ कछलागा | 25 November 2025 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## नेपाली कम्युनिस्ट पार्टीको कार्यालय उद्घाटन

हेटौंडा, ८ मंसिर/हेटौंडा उपमहानगरपालिका-५ गदोईमा रहेको नेपाली कम्युनिस्ट पार्टी मकवानपुरको कार्यालय सोमबार उद्घाटन गरिएको छ ।

नेपाली कम्युनिस्ट पार्टीका नेताहरु प्रेमबहादुर पुलामी (छिन्तु), मुनु सिग्देल, बिजय गौतम, यादव गजुरेल लगायत नेताले पाटी कार्यालय उद्घाटन गरेका हुन् । पार्टी एकीकरण पछि हेटौंडा-५ गर्दोइमा रहेको नेकपा माओवादी केन्द्रको भवनलाइ नै नेपाली कम्युनिस्ट पार्टी कार्यालय तोकिएको छ । पार्टी कार्यालय उद्घाटन कार्यक्रममा नेताहरु भीम पाखिन, ध्रुव भुजेल, बीरबहादुर घलान, शुभरत्न गोले, सागर उप्रेती, रामेश राई, किशोर टण्डनलगायत नेता तथा कार्यकर्ताको उपस्थिति रहेको थियो ।

### बागमतीमा दुई लाखभन्दा बढीले मतदाता नामावलीमा नाम दर्ता गराए

# मतदाता नामावली मंसिर २० मा प्रकाशित हुने



साझाकुरा संवाददाता

हेटौंडा, ८ मंसिर/ बागमती प्रदेशमा २ लाख ४ हजार ९ सय ५ जनाले मतदाता नामावलीमा आफ्नो नाम दर्ता गराएका छन् ।

प्रदेश निर्वाचन कार्यालय हेटौंडाका अनुसार राष्ट्रिय परिचयपत्र र प्रदेशभरका निर्वाचन कार्यालयमा गरिएको बायोमेट्रिक दुवै माध्यमबाट उल्लेखित संख्यामा नाम दर्ता गराएका हुन् । असोज १० गतेदेखि मंसिर ५ गतेसम्म सञ्चालन गरिएको मतदाता नामावली संकलन कार्यक्रममा नागरिकले आफ्नै जिल्लाका निर्वाचन कार्यालयमा तथा राष्ट्रिय परिचयपत्रका आधारमा अनलाइन मार्फत् दर्ताका लागि निवेदन दिएका थिए । कार्यालयका सूचनाअधिकारी ताराप्रसाद आचार्यका अनुसार ९९ हजार ३ सय ३४ जनाले बायोमेट्रिक दिई दर्ता प्रक्रिया पूरा गरेका छन् ।

जसमध्ये ५६ हजार ३ सय ६४ जना पुरुष र ४४ हजार ८० जना महिला रहेका छन् । काठमाडौं जिल्लामा सबैभन्दा धेरै ६२ हजार ४ सय १ जनाले नामावलीमा नाम दर्ता गराएका छन् । ललितपुर जिल्लामा २६ हजार ८ सय ११, चितवन जिल्लामा २२ हजार २ सय ६३ जना, भक्तपुर जिल्लामा २० हजार १ सय ७७ जनाले नाम दर्ता गराएका छन् । यस्तै, मकवानपुर जिल्लामा १४ हजार ६ सय ३ जना, काभ्रेपलाञ्चोक जिल्लामा १४ हजार ३ सय २९ जना, सिन्धुली जिल्लामा ७ हजार ३९ जनाले नाम संकलन गराएका छन् ।

रामेछाप जिल्लामा ६ हजार १ सय २ जना, दोलखा जिल्लामा ६ हजार ६ सय ८७ जना, सिन्धुपाल्चोक जिल्लामा ६ हजार ९ सय ३९ जना दर्ता भएका छन् । धादिङ जिल्लामा ८ हजार ४ सय ३१ जना, नुवाकोट जिल्लामा ८ हजार १ सय ८९ जना र रसुवा जिल्लामा ९ सय ३४ जनाले नाम दर्ता गराएको सूचना अधिकारी आचार्यले बताए । आचार्यका अनुसार नागरिकले आफूलाई पायक पर्ने निर्वाचन कार्यालयमा गएर नाम दर्ता गराएपनि कुन जिल्लामा कति मतदाता थपिएका छन् भन्ने कुरा आयोगले वेबसाइटमा मतदाता नामावली प्रकाशित गरेपछि मात्र थाहा हुनेछ । असोज १० गतेसम्को तथ्यांकअनुसार बागमती प्रदेशमा कुल ३४ लाख ७१ हजार ७ सय ९२ मतदाता रहेका छन् ।

निर्वाचन आयोगले मंसिर २० गतेदेखि पुस १५ गतेसम्म मतदाता नामावली अद्यावधिक गर्ने कार्यक्रम सञ्चालन गर्ने भएको छ । मंसिर २० गते आयोगले मतदाता नामावली प्रारम्भिकरुपमा प्रकाशित गर्नेछ । मंसिर २१ देखि २७ गतेसम्म मतदाता नामावलीमा परेका त्रुटि सच्याउनका लागि निवेदन दिन सकिनेछ । यसअवधिमा कसैले झुठा विवरण दिई नाम दर्ता गराएको छ भने त्यसविरुद्ध उजुरी दिन सकिने निर्वाचन आयोगले जनाएको छ । यसअवधिमा कुनै मतदाताको मृत्यु भएको वा नागरिकता त्याग गरेको जानकारी प्राप्त भएमा, सो व्यक्तिको नाम नामावलीबाट हटाउन सूचना दिन सकिनेछ ।

मंसिर २८ देखि पुस १ गतेसम्म उजुरी परेकालाई सफाइको मौका दिने, पुस २ देखि ५ गतेसम्म जिल्ला प्रमुख नामदर्ता अधिकृतले आवेदकको विवरण तथा उजुरीको छानबीन गरेर आवश्यक परे त्रुटि सच्याउने, नाम हटाउने तथा कानुन बमोजिमका निर्णय गर्नेछन् । पुस ६ देखि ९ गतेसम्म नाम हटाइएको तथा सच्याइएको विवरण जिल्ला निर्वाचन कार्यालय तथा सम्बन्धित वडा कार्यालयमा सार्वजनिक गरिनेछ । फरक फरक जिल्लामा दोहोरो नाम दर्ता भएकाबारे छुट्टै विवरण तयार गरी जिल्लाबाट अद्यावधिक भएको डाटा सहित आयोगमा पठाइनेछ भने पुस १५ गते आयोगले अन्तिम मतदाता नामावली प्रकाशित गर्नेछ ।

कानुनबमोजिम निर्वाचन तोकिएपछि मतदाता नामावलीमा नाम दर्ता गराउन पाउने व्यवस्था छैन । तर, यो वर्ष धेरै युवा छुटेको भनेर माग आएपछि सरकारले अध्यादेश ल्याएको थियो । अध्यादेश अनुसार असोज ९ गतेदेखि मंसिर ५ गतेसम्म देशभरका निर्वाचन कार्यालयले मतदाता नामावली संकलन र अद्यावधिक गर्ने कार्य गरेको थियो । अध्यादेशअनुसार कात्तिक ३० गतेसम्म मतदाता नामावलीमा नाम दर्ता गराउने समय तोकिएको थियो । तर, धेरैले नाम दर्ता गराउन बाँकी भएकोले थप ५ दिन म्याद थप गरिएको थियो ।

# हेटौंडाको स्वास्थ्य आपूर्ति केन्द्रमा भ्रष्टाचार, ९ जनाविरुद्ध मुद्दा



साझाकुरा संवाददाता

हेटौंडा, ८ मंसिर/ अख्तियार दुरुपयोग अनुसन्धान आयोगले स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, हेटौंडामा कोरोना भाइरसको स्वास्थ्य सामग्री खरिद प्रक्रियामा अनियमितता भएको ठहर गर्दै ९ जनाविरुद्ध मुद्दा दायर गरेको छ ।

आर्थिक वर्ष २०७८/७९ का लागि विनियोजित दुई करोड रुपैयाँ बजेटबाट १३ प्रकारका सामग्री खरिद गर्दा कम मूल्य कबोल गर्ने प्रतिस्पर्धीलाई हटाई महँगो प्रस्ताव स्वीकृत गरिएको पाइएको आयोगले निष्कर्ष निकालेको हो । आयोगले केन्द्रका तत्कालीन निमित्त निर्देशक डा.अर्जुनप्रसाद सापकोटा, तत्कालीन लेखाअधिकृत राधाकृष्ण श्रेष्ठ, फार्मेसी सुपरभाइजर राजेश्वर रञ्जितकार, रेफ्रिजेरेटर प्राविधिक रविकुमार महतो, बायोमेडिकल इन्जिनियर राजेश्वर कमली, प्रदेश लेखानियन्त्रक कार्यालय हेटौंडाका तत्कालीन लेखाअधिकृत नेत्रनरसिंह कार्की, आपूर्तिकर्ता जनमुक्ति हेल्थ इन्टरप्राइजेज र कम्पनीका प्रोपाइटर नवराज श्रेष्ठलाई प्रतिवादी बनाएको हो ।

अख्तियारका अनुसार स्वास्थ्य सामग्री खरिदका लागि केन्द्रले ब्लुमुन मेडिटेक, ओएम सर्जिकल कन्सर्न, विकास सर्जिकल कन्सर्न र डिस्पोभान सिरिन्ज एण्ड मेडिकल डिभाइस जस्ता कम्पनीबाट दररेट संकलन गरी करबाहेक एक करोड ३६ लाखभन्दा बढी लागत अनुमान स्वीकृत गरेको थियो । सोही आधारमा बोलपत्र आह्वान हुँदाको अभिलेख अनुसार ८ वटा बोलपत्र परेको देखिएको आयोगले जनाएको छ । बोलपत्र मूल्यांकन समितिले कम मूल्य कबोल गर्ने केएस इन्टरनेशनल र डिस्पोभान सिरिन्ज एण्ड मेडिकल डिभाइसले उत्पादनकर्ता कम्पनीको नाम र कागजात पेस गरेपनि उत्पादन स्वीकृतिपत्रसम्बन्धी थप जानकारी नमागीकन अयोग्य ठहर गरेको आयोगले जनाएको छ ।

तर, जनमुक्ति हेल्थ इन्टरप्राइजेजले पेस गरेका उत्पादन स्वीकृतिपत्रमध्ये नाइट्रिल पञ्जाका लागि पेश गरिएको कागजातमा अधिकृत व्यक्तिको नाम र हस्ताक्षर नभएको, साथै व्यक्तिगत सुरक्षा पोशाक, शल्यक्रिया मास्क र एन-९५ मास्कका लागि पेश गरिएको कागजातमा समेत हस्ताक्षर नभएको अवस्थामा पनि सो कम्पनीलाई सफल घोषित गरिएको आयोगको भनाइ छ । यसरी दोहोरो मापदण्ड अपनाई बदनियतपूर्वक चौथो कम मूल्य कबोल गर्ने जनमुक्ति हेल्थ इन्टरप्राइजेजसँग करसहित एक करोड २४ लाख ४४ हजार रुपैयाँमा सम्झौता गरिएको आयोगको निष्कर्ष छ ।

कममूल्य कबोल गर्ने केएस इन्टरनेशनल, डिस्पोभान सिरिन्ज एण्ड मेडिकल डिभाइस र सनराइज सर्जिकल हाउसले क्रमशः कर सहित झन्डै ९८ लाख, एक करोड १० लाख र एक करोड १२ लाख रुपैयाँ प्रस्ताव गरेको भएपनि योग्यताको जाँच नगरी प्रतिस्पर्धाबाट हटाइएका कारण सरकारी कोषमा ३१ लाख १७ हजार ८९ रुपैयाँ बराबरको हानि भएको आयोगको ठहर छ । मूल्यांकन समिति, कार्यालय र आपूर्तिकर्ताबीचको मिलेमतोका कारण विधिअनुसार कम लागतमा स्वास्थ्य सामग्री खरिद हुन नदिई महँगो दरमा ठेक्का दिइएको आयोगले जनाएको छ ।

उनीहरुविरुद्ध ३१ लाख १७ हजार ८९ रुपैयाँ बिगो कायम गरेर भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार कैद र जरिबाना सजाय माग गर्दै सोमबार विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको अख्तियारका प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिए ।

# नियमित महाधिवेशनको पक्षमा हेटौंडा कांग्रेस



साझाकुरा संवाददाता

हेटौंडा, ८ फागुन/ नेपाली कांग्रेस हेटौंडा उपमहानगर समितिले पार्टीको महाधिवेशनपश्चात् मात्र निर्वाचनमा होम्मिनुपर्ने निष्कर्ष निकालेको छ ।

हेटौंडा-२ स्थित पार्टी कार्यालयमा सोमबार बसेको उपमहानगर समितिको बैठकले पार्टीभित्र देखिएको विशेष वा नियमित महाधिवेशनको विवाद तत्काल अन्त्य गर्न जरुरी रहेको भन्दै पछिल्लो समयको जेनजी आन्दोलनको भावना समेट्ने गरी कांग्रेस अगाडि बढ्नुपर्ने औंल्याइएको छ ।

'अहिलेको अवस्थामा निर्वाचनमा जान सकिन्नँ । तत्काल पार्टीले नियमित महाधिवेशनको मिति तोकेर जेनजीको माग र जनताको आशा भरोसा अनुसार नेतृत्व चयन गरेर देशलाई निकास दिने संकल्पसहित जानुपर्छ ।', बैठकमा निवर्तमान सभापति आनन्दराम पराजुलीले यसका लागि सम्पूर्ण कांग्रेसजनहरुलाई एक ढिक्का हुन आग्रह गरे ।

बैठकमा सहभागी अधिकांश वडा सभापतिहरुले जेनजी आन्दोलनको राम्रो पक्षलाई आत्मसाथ गर्दै नयाँ विचार र नेतृत्वलाई समेटेर अगाडि बढ्नुपर्ने सुझाव दिएका थिए । 'जेनजी आन्दोलन संघीय लोकतान्त्रिक गणतन्त्रमा कुकर्मको विस्फोट हो ।', सभापतिहरुले देशमा विद्यमान भ्रष्टाचार र कुसंस्कारलाई सच्याएर जानुको विकल्प नरहेको बताएका थिए ।

'जेनजीको मागहरु प्रजातान्त्रिक छ । कांग्रेसले देशमा देखिएको भ्रष्टाचार, कुरिती र जनतासँगको बढ्दो दुरी घटाउँदै समाजले चाहेको परिवर्तन स्वीकार्नु नै अहिले हाम्रो हितमा हुनेछ ।', उपमहानगरका १९ सभापतिहरुले नियमित महाधिवेशनमार्फत् वडा तहबाटै युवा पुस्तालाई राजनीतिको मूलप्रवाहमा सहभागी गराउँदै नेतृत्व चयनमा सक्रिय गराउनुपर्ने धारणा व्यक्त गरे ।

बैठकमा सहभागीहरुले युवासँग कांग्रेस अभियान सञ्चालन गर्नुपर्ने, जेनजी आन्दोलनको राम्रो पक्षलाई आत्मसाथ गर्नुपर्ने, हेटौंडा बजारको २५ मिटर सडक विस्तारमा मुआब्जाको उचित व्यवस्थासहित सडक विस्तारको काम अगाडि बढाउनुपर्ने, आगामी महाधिवेशनमा नयाँ क्रियाशील सदस्यता वितरणमा नयाँ पुस्तालाई विशेष सम्बोधन गर्नुपर्ने र आगामी निर्वाचनमा उम्मेदवार छनौट क्रियाशील सदस्यहरुको बहुमतबाट गर्नुपर्नेमा जोड दिएका थिए ।

हेटौंडा उपमहानगर सभापति उत्सब इटेनीको सभाध्यक्षतामा भएको बैठकमा नगर कार्यसमिति, क्षेत्रीय सभापतिहरु, निर्वाचित जनप्रतिनिधि, वडा सभापतिको सहभागिता रहेको थियो ।

# बकैया गाउँपालिकाको आफ्नै भवनबाट सेवा सुरु

साझाकुरा संवाददाता

हेटौंडा, ८ मंसिर/पूर्वी मकवानपुरको बकैया गाउँपालिका कार्यालयको सुविधासम्पन्न प्रशासनिक भवन निर्माण सम्पन्न भएको छ । बकैया-३ स्थित हात्तीसुँढेमा गाउँपालिकाको कार्यालय परिसरमै चारतले भव्य भवन निर्माण गरिएको हो ।

यसअघि बकैया गाउँपालिकाको कार्यालय ट्रष्ट भवनमा रहेकोमा नवनिर्मित भवनबाट गाउँपालिकाले सेवा सुरु गरेको छ ।

प्रमुख प्रशासकीय अधिकृतलाई आवासीय सुविधा सहितको यो भवनमा बैठक कक्ष, पार्किङलगायत सुविधा रहेका छन् । गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेले नयाँ भवन बनेसँगै पर्याप्त कोठा रहेकोले सेवाप्रवाहमा सहजता हुने जानकारी दिए । उनले कार्यालयमा सीमित कार्यकक्ष भएकोले समस्या हुँदै आएको भन्दै अब सभाहलसहितको भवन बनेकाले पालिकाको कार्यक्रम असहज रुपमा गर्नुपर्ने अवस्थाको अन्त्य हुने बताए ।

संघीय सरकारको ६० प्रतिशत र पालिकाको ४० प्रतिशत बजेटमा निर्मित भवनमा अध्यक्ष र उपाध्यक्षको कार्यकक्षसहितको २८ वटा कोठा, सभाहल दुईवटा, सेवाग्राही कक्ष, भान्छाकोठा, स्टोर कक्ष, शौचालय लगायत संरचना रहेका छन् ।

गाउँपालिकासँग भवन २०८१ असार १५ गते निर्माण सम्पन्न गर्ने गरी २०७९ साल जेठ ३१ गते सम्झौता भएकोमा यो अवधिमा पुरा नभएपछि म्याद थप गरिएको थियो ।

गत भदौ ३१ गते निर्माण सम्पन्न भएको हो । भवन निर्माण गर्न मूल्य अभिवृद्धिकरसहित सात करोड ८२ लाख ५० हजार ७७० रुपैयाँमा सम्झौता भएकोमा भवनको काम बढेसँगै लागत बढेर मूल्य अभिवृद्धिकरसहित सात करोड ९५ लाख ६७ हजार ९१७ रुपैयाँ निर्माण कम्पनीलाई भुक्तानी गर्नुपर्ने भएको गाउँपालिकाले जनाएको छ । नवनिर्मित भवनमा लिफ्टको संरचना राख्ने गरी बनाइए पनि हालसम्म लिफ्ट जडान गरिएको छैन ।

# १४ जना उत्कृष्ट नवउद्यमीलाई सम्मान गरिने

साझाकुरा संवाददाता

हेटौंडा, ८ मंसिर/ बागमती प्रदेश सरकारले प्रदेशभित्रका १४ जना उत्कृष्ट नवउद्यमीलाई सम्मान गर्ने भएको छ । ११ औं उद्योग दिवसका अवसरमा बुधबार प्रदेशको उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयले प्रदेश भित्र विभिन्न उद्यम गरिरहेका उत्कृष्ट उद्यमीलाई सम्मान गर्ने भएको हो ।

मन्त्रालयले प्रदेशभित्र उद्यम सञ्चालन गरी प्रदेशको अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याउने उद्यमीमध्येबाट छनोट गरी उद्योग दिवसका अवसरमा उत्कृष्ट उद्यमीलाई सम्मान गर्दै आएको छ । छनोटमा परेका सर्वोत्कृष्ट उद्यमीलाई एक लाख रुपैयाँ र अन्य १३ जना उत्कृष्ट उद्यमीलाई ४० हजार रुपैयाँ नगदसहित सम्मान गरिने मन्त्रालयका उद्योग वाणिज्य महाशाखाप्रमुख महेश पौडेलले जानकारी दिए ।

नुवाकोटको चिया कृषि फर्म सर्वोत्कृष्ट तथा बनेपाको नमूना एग्रो प्रोडक्स, दोलखाको ग्लेक्सी मौरी फर्म, भक्तपुरको चम्पक पाउँ उद्योग, काठमाडौंको द हाइल्याण्ड आर्ट फेसन डिजाइन एण्ड ट्रेनिङ, सिन्धुपाल्चोकको जौडाँडा ढाका उद्योग र रसुवाको राजेश कृषि तथा पशुपन्छी फर्म उत्कृष्ट फर्ममा छनोटमा परेका छन् ।

यस्तै उत्कृष्ट फर्ममा छनोटमा परेकामा ललितपुरको स्पेसन पुष्टकारी उद्योग, नुवाकोटको नमुञ्चेत कृषि फर्म, मकवानपुरको ज्योति दामन कृषि फर्म, रामेछापको हिमालयन ह्याण्डीक्राफ्ट एग्रो नेपाली कागज उद्योग, सिन्धुलीको उज्यालो साबुन उद्योग, धादिङको पवित्रा कृषि तथा पशुपन्छी फर्म र भरतपुरको अर्वान नेष्ट बुटिक एण्ड रेन्टल हाउस रहेका छन् ।

## कर्मचारी आवश्यकता

एक प्रतिष्ठित कम्पनीको लागि निम्न अनुसारको कर्मचारी आवश्यकता परेको हुँदा इच्छुकले तुरुन्त सम्पर्क गर्नहोला ।

| पद | आवश्यक संख्या |
|---|---|
| कुक | १ जना |
| बेकरी म्यान | १ जना |

सम्पर्क नं. ९८५५०७२१०९

## सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

## हाम्रो कुरा

# सडक बिस्तार रोकिनु हुन्न

हेटौंडा बजारको दायाँबायाँ रहेका घरटहरालाई राज्यले प्रक्रियागत ढंगले उचित क्षतिपूर्ति दिएर सडक बिस्तार गर्नुको बिकल्प छैन । सडक स्तरोन्नतिका क्रममा कुल ६ सय ८८ वटा निजी संरचना प्रत्यक्ष प्रभावित हुने देखिएको छ । आयोजनाको प्रभाव क्षेत्रभित्र कुल एक सय ८० वटा सामुदायिक संरचना रहेका छन् । हेटौंडाको राप्तीदेखि कर्रा पुलसम्म २ सय ८५ घर, हेटौंडा बजारक्षेत्र बाहेकका दुई सय ५ घर र अन्य पालिकाभित्रका एक सय ९८ वटा घर प्रभावित हुने उल्लेख छ । परियोजनाले पथलैयादेखि हेटौंडा हुँदै भरतपुरको गोन्द्राङसम्म कुल एक सय चार किलोमिटर सडक स्तरोन्नति गर्ने योजना रहेको छ ।सडक डिभिजन कार्यालय हेटौंडाले यो पटकको सूचनाबमोजिम जुनसुकै हालतमा हेटौंडाको सडक विस्तार हुने जनाएको छ । यो वा त्यो बहानामा सडक फराकिलो गर्ने अभियान रोकिनु हेटौंडाको दुर्भाग्य हुनेछ । प्रदेशको राजधानी पनि हेटौंडामै राख्नुपर्ने अनि सडक फराकिलो बनाउन नदिने हो भने प्रदेशको राजधानी हेटौंडाबाट अन्यत्रै सारिदिए हुन्छ ।

हेटौंडाभित्र पर्ने महेन्द्र राजमार्ग र त्रिभुवन राजपथको सडकसीमा केन्द्र रेखादेखि २५/२५ गजभित्र बनेका स्थायी तथा अस्थायी प्रकृतिका घरटहरा, संरचना हटाउन १५ दिने अल्टिमेटम दिइसकेको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गत सडक डिभिजन कार्यालय हेटौंडाले मङ्सिर ५ गते सार्वजनिक सूचना जारी गर्दै अतिक्रमित संरचना हटाउन भनेको हो । मंसिर २० गतेभित्र सडकको केन्द्र रेखादेखि दायाँबायाँ २५/२५ गज (साढे २२ अर्थात् जम्मा ४५ मिटर) सम्मको क्षेत्रलाई सडकसीमा मानेको छ । हेटौंडा उपमहानगर पालिका रातोमाटेदेखि बुद्धचोक हुँदै राप्ती पुलसम्म तथा बुद्धचोकबाट सामरी पुलसम्म पर्ने क्षेत्रमा बर्सौंदेखि बनेका स्थायी तथा अस्थायी संरचनाले महेन्द्र राजमार्ग र त्रिभुवन राजपथको क्षमता र सुरक्षामा असर परिरहेको भन्दै संरचना हटाउन आग्रह गरेको हो । सडक विस्तार हेटौंडाबासीलाई दुःख दिनको लागि नगरिएको डिभिजन सडक कार्यालयले जनाएको छ । बजारमा पार्किङ सुविधालाई व्यवस्थित गर्नको लागि पनि सडक विस्तार आवश्यक भइसकेको छ । तोकिएको १५ दिनभित्र संरचना नहटाए डिभिजन कार्यालय एक्सनमा जानेछ । सडक डिभिजनले संरचना हटाउने र यसक्रममा आइपर्ने सबै खर्च सार्वजनिक सडक ऐन, २०३१ तथा प्रचलित कानुन अनुसार सम्बन्धित व्यक्तिबाट असुलउपर गरिने चेतावनी दिएको छ । सडक विस्तारको विषय सधैं अनिर्णयको बन्दी बनाइनु हुँदैन । विगतमा सडक विस्तारको विरोध गर्दै आएको मकवानपुर उद्योग वाणिज्य संघले भने आफूहरु विकास विरोधी नभएको बताएको छ ।

सडक डिभिजन हेटौंडाअन्तर्गत पर्ने रातोमाटेदेखि बुद्धचोक हुँदै राप्ती पुलसम्म र बुद्धचोकदेखि सामरी पुलसम्म सडक केन्द्रबाट २५/२५ गजको क्षेत्रमा क्षतिपूर्ति नपाइने फैसला सर्वोच्चबाट भएको सूचनामा उल्लेख छ । २०८०/०३/१० मा यस डिभिजनबाट सडकसीमा अतिक्रमण हटाउन प्रकाशित सूचनाविरुद्ध परेको रिट निवेदनसमेत सर्वोच्च अदालतबाट खारेज भएको सूचनामा उल्लेख गरिएको छ । महेन्द्र राजमार्ग र त्रिभुवन राजपथको अतिक्रमित सीमा खाली गराउन विगतमा पटकपटक सूचना जारी गरिँदै आएको थियो । कार्यालयले सूचनामा सडक विस्तार, मर्मतसम्भार, आपत्कालीन सेवा सञ्चालन र सवारी आवागमनको सुरक्षित व्यवस्थाका लागि सडकसीमा कायम राख्नु बाध्यकारी भएको उल्लेख गरेको छ । सडक डिभिजनले स्थानीय तह, सुरक्षाकर्मी, उपभोक्ता तथा सरोकारवालासँग समन्वय गरी सडकसीमा संरक्षण अभियानलाई प्रभावकारीरुपमा अघि बढाइने जनाएको छ । नेपालको पूर्बपश्चिम राजमार्ग 'एसियन हाइ-वे' अन्तरगत राखिएका कारण नेपाल सरकारले चाहेर पनि सडकको एलाइन्मेन्ट परिवर्तन गर्न सकिने सम्भावना छैन । एसियाली विकास बैंक, वर्ल्ड बैंकले एसियन हाइ-वेको रुपमा नेपालको पूर्वपश्चिम राजमार्गलाई बिस्तार गर्न लागेको हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५५५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ मंसिर १० गते बुधबार २६ नोभेम्बर २०२५ । षष्ठी, मार्ग शुक्लपक्ष । थिल्लाथ्व ११४६ ने.सं. । सूर्योदय ६:३४ सूर्यास्त ५:०७।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : बादविवाद बढ्ने | **तुला** | : चिन्ता बढ्ने |
| **वृष** | : घरेलु काममा रुचि | **वृश्चिक** | : मान मर्यादामा वृद्धि |
| **मिथुन** | : प्रयासहरु फलदायी हुने | **धनु** | : लेनदेनको विवाद बढ्ने |
| **कर्कट** | : कुरा काट्नेहरु सक्रियता | **मकर** | : स्वास्थ्यमा सुधार हुने |
| **सिंह** | : बौद्धिक कार्यबाट प्रशंसा मिल्ने | **कुम्भ** | : अध्ययनमा प्रगति हुने |
| **कन्या** | : अरुको विश्वास जित्न सकिने | **मीन** | : रोग एवम् चिन्ता बढ्ने |

# आधुनिक राजनीतिको गतिशील मोड



✍ गणेश अम्गाई

विश्वका धेरै लोकतान्त्रिक मुलुकहरूमा लोकतान्त्रिक संस्थाहरू कमजोर हुदै गएका र लोकतन्त्रको गुणस्तरमा ह्रास आइरहेको प्रवृत्ति देखिएको छ, जुन आजको राजनीतिलाई बुझ्ने महत्त्वपूर्ण पाटो हो । यसको प्रमुख कारणमध्ये एक होलोकप्रियतावादको उदय । विश्वभरि नै लोकप्रियतावादी नेता र दलहरूको उदय भइरहेको छ । यस्ता नेताहरूले 'जनता' को आवाजलाई प्रतिनिधित्व गर्ने दाबी गर्छन् तर परम्परागत राजनीतिक अभिजात वर्गर संस्थाहरूलाई चुनौती दिन्छन् । उनीहरूले अक्सर सरल समाधान र भावनात्मक अपिलमा जोड दिन्छन्, जसले उदार लोकतान्त्रिक मूल्य र संस्थाहरूलाई कमजोर बनाउन सक्छ । डोनाल्ड ट्रम्प, नरेन्द्र मोदी, जायर बोल्सोनारो यसका उदाहरण हुन् । नेपालमा पनि नयाँ दलहरूको उदयमा यो प्रवृत्ति देख्न सकिन्छ । सँगसँगै, लोकतान्त्रिक प्रक्रियाबाटै निर्वाचित भएका कतिपय नेताहरूले न्यायपालिका र प्रेसजस्ता संस्थाहरूलाई कमजोर पार्ने प्रयास गरिरहेका छन्, जसलाई 'लोकतन्त्रको क्रमिक क्षय' वा 'अधिनायकवादी लोकतन्त्र' भनिन्छ । यी सबै प्रवृत्तिले लोकतन्त्रको आधारभूत संरचनामाथि गम्भीर प्रश्न खडा गरेका छन् ।

आधुनिक राजनीतिमा देखिएको अर्को महत्त्वपूर्ण र हानिकारक प्रवृत्ति होराजनीतिक ध्रुवीकरण । राजनीतिक ध्रुवीकरण बढ्दो छ, जहाँ समाज र राजनीतिक दलहरू विचारधारा वा पहिचानका आधारमा तीव्र रूपमा विभाजित हुदैछन् । यसले राजनीतिक सहमतिर सहयोगलाई कठिन बनाउँछ, जसले गर्दा नीति निर्माणमा अवरोध आउँछ र सरकारको प्रभावकारिता घट्छ । एक पक्षले अर्को पक्षलाई शत्रुको रूपमा हेर्ने प्रवृत्तिले लोकतान्त्रिक बहसलाई दूषित गर्छ र आपसी विश्वासमा कमी ल्याउँछ । यो ध्रुवीकरण केवल राजनीतिक दलहरूमा मात्र सीमित छैन,यसले आम नागरिकहरूलाई पनि वैचारिक 'क्याम्प' हरूमा विभाजित गरेको छ । यस विभाजनले मतदाताहरूलाई मध्यमार्गीविचारहरूबाट टाढा लैजान्छ र उग्रवादीविचारहरूलाई प्रोत्साहन दिन्छ ।नागरिक समाजको संकुचनपनि यसैसँग जोडिएको छ, जहाँ सरकारहरूले नागरिक समाजका संगठनहरू र गैर-सरकारी संस्थाहरूमाथि नियन्त्रण बढाउने प्रयास गरिरहेका छन्, जसले गर्दा लोकतान्त्रिक प्रक्रियामा जनताको सहभागिता घट्न सक्छ । यसले गर्दा समावेशी र सहभागिता मूलकलोकतन्त्रको आदर्शमाथि गम्भीर चुनौती आइपरेको छ ।

डिजिटल प्रविधि र सञ्चार माध्यमको विकासले राजनीतिमा क्रान्तिकारी परिवर्तन ल्याएको छ । यस युगमासामाजिक सञ्जालको भूमिका सर्वोपरि छ । सामाजिक सञ्जाल राजनीतिक सञ्चार, परिचालन र जनमत निर्माणको शक्तिशाली माध्यम बनेको छ । यसले नागरिकहरूलाई राजनीतिक प्रक्रियामा सहज पहुँच प्रदान गरे पनि, गलत सूचनार दुष्प्रचार फैलाउने जोखिम पनि बढाएको छ, जसले लोकतान्त्रिक छलफललाई दूषित गर्न सक्छ । नेपालमा 'नो नट अगेन'जस्ता अभियानहरू यसैका उदाहरण हुन्, जसले सामाजिक सञ्जालको शक्तिलाई दर्शाउँछन् । यसका साथै, डेटा र एल्गोरिदमको राजनीतिपनि उत्तिकै महत्त्वपूर्ण छ । ठूला तथ्याङ्क र कृत्रिम बुद्धिमत्ताको प्रयोगले राजनीतिक अभियानहरूलाई लक्षित र व्यक्तिगत बनाउन सहयोग पुर्या एको छ । तर, यसले गोपनीयताको हनन र चुनावी प्रक्रियामा बाह्य हस्तक्षेपको सम्भावना पनि बढाएको छ । यसलेडिजिटल अधिकार र साइबर सुरक्षालाई आधुनिक राजनीतिको नयाँ मुद्दा बनाएको छ, जहाँ इन्टरनेटको पहुँचलाई मानव अधिकारको रूपमा हेर्ने बहस र साइबर आक्रमणबाट राज्य तथा नागरिकको सुरक्षा गर्ने चुनौती विद्यमान छन् ।

पहिचानको मुद्दाहरूले अहिले अझ ठूलो भूमिका खेलिरहेका छन् । पहिचानको राजनीतिको मुद्दाहरू जस्तै जातीयता, धर्म, लिङ्ग, क्षेत्र, वर्ग र यौनिक झुकावमा आधारित पहिचानका मुद्दाहरूले राष्ट्रिय राजनीतिमा महत्त्वपूर्ण स्थान पाइरहेका छन् । यी मुद्दाहरूले समावेशिता र प्रतिनिधित्वको माग गर्छन् तर कहिलेकाहीँ समाजलाई विभाजित पनि गर्न सक्छन् । यसले गर्दा बहुलवादी समाजमा विभिन्न पहिचान समूहहरूबीचको सन्तुलन मिलाउनुपर्ने चुनौती थपिएको छ । यी मुद्दाहरूलाई परम्परागत पार्टीहरूले सम्बोधन गर्न नसक्दा वा बेवास्ता गर्दानयाँ सामाजिक आन्दोलनहरूको उदय भएको छ । वातावरणीय न्याय, जलवायु परिवर्तन, नारीवाद, एलजीबीटीक्यू, अधिकार र सामाजिक न्यायका लागि हुने आन्दोलनहरूले राजनीतिक एजेन्डालाई आकार दिइरहेका छन् । यी आन्दोलनहरूले प्रायः परम्परागत राजनीतिक दलहरूको संरचनाभन्दा बाहिर रहेर काम गर्छन् र सीधा जनपरिचालनमा विश्वास राख्छन् । यस्ता आन्दोलनहरूले नीति निर्माताहरूलाई नयाँ सामाजिक र वातावरणीय सरोकारहरूमा ध्यान दिन बाध्य पार्छन् ।

विश्वव्यापीकरणको प्रतिक्रियास्वरूप, धेरै देशहरूमाराष्ट्रवादको भावना पुनः बलियो बन्दै गएकोछ । यो पुनरुत्थान राष्ट्रिय हितलाई जोड दिने, आप्रवासी विरोधी नीतिहरू अपनाउने र अन्तर्राष्ट्रिय सहयोगमा कमी ल्याउने रूपमा प्रकट भएको छ । लोकप्रिय नेताहरूले राष्ट्रिय गौरव, परम्परा र 'आफ्नो देश पहिले' भन्ने नारालाई प्राथमिकता दिएका छन्, जसले गर्दा भूमण्डलीकरणका मूल्य-मान्यताहरूमाथि चुनौती आएको छ । यस प्रवृत्तिको सीधा परिणाम स्वरूपसंरक्षणवाद र व्यापार युद्धबढेका छन् । विश्वव्यापीकरणको विपरीत, केही देशहरूले आफ्नो घरेलु उद्योग र रोजगारीको संरक्षणका लागि संरक्षणवादी नीतिहरू अपनाउन थालेका छन्, जसले अन्तर्राष्ट्रिय व्यापारमा तनाव बढाएको छ । यसले विश्वव्यापी मूल्य शृंखला र बहुपक्षीय व्यापार सम्झौताहरूको भविष्यमाथि प्रश्न खडा गरेको छ । यो प्रवृत्तिले अन्तर्राष्ट्रिय संस्थाहरू जस्तै संयुक्त राष्ट्र संघ र विश्व व्यापार संगठनको भूमिका र प्रभावकारितामाथि पनि दबाव सिर्जना गरेको छ ।

आर्थिक असमानता विश्वव्यापी रूपमा बढ्दै गएको छ र यसले राजनीतिक प्रवृत्तिमा ठूलो प्रभाव पारिरहेको छ ।धनी र गरिबबीचको खाडल बढ्दै जाँदा सामाजिक असन्तुष्टि र राजनीतिक अस्थिरता बढिरहेको छ, जसले लोकप्रियतावादवादी आन्दोलनहरूलाई थप मलजल प्रदान गरेको छ । मतदाताहरूले आफूलाई सीमान्तकृत महसुस गर्ने र स्थापित प्रणालीप्रति आक्रोश व्यक्त गर्ने क्रम बढेको छ । यसले गर्दानियो-लिबरल नीतिको चुनौती बढेको छ । विश्वव्यापी आर्थिक संकट र बढ्दो असमानताले नवउदारवादी आर्थिक नीतिहरूको प्रभावकारि तामाथि प्रश्न उठाएको छ र वैकल्पिक आर्थिक मोडेलहरूको खोजी भइरहेको छ । राजनीतिमा वर्गगत संरचनामा बदलावपनि आएको छ । परम्परागत औद्योगिक वर्गको सट्टा, सेवा क्षेत्रका कामदारहरू र डिजिटल अर्थतन्त्रका कारण नयाँ वर्गगत विभाजनहरू देखिएका छन्, जसले राजनीतिक दलहरूको आधारलाई पनि परिवर्तन गरिरहेको छ । यसले आर्थिक न्याय, सम्पत्तिको पुनर्वितरण र सामाजिक सुरक्षाका मुद्दाहरूलाई फेरि राजनीतिको केन्द्रबिन्दुमा ल्याएको छ ।

अन्तर्राष्ट्रिय राजनीतिमा महत्त्वपूर्ण भू-राजनीतिक परिवर्तनहरू देखिएका छन् । शीतयुद्धपछिको एकध्रुवीय अमेरिकी प्रभुत्वको सट्टा, चीन र भारत जस्ता उदीयमान शक्तिहरू, र रूसको पुनरुत्थानसँगै विश्व राजनीतिबहुध्रुवीय बन्दैछ । यसले शक्ति सन्तुलनमा परिवर्तन ल्याएको छ र नयाँ गठबन्धनहरू निर्माण भइरहेका छन् । यो बहुध्रुवीय विश्व व्यवस्थाले क्षेत्रीय शक्ति केन्द्रहरूको उदयलाई पनि बढावा दिएको छ । युरोप, एसिया, अफ्रिका र ल्याटिन अमेरिकामाक्षेत्रीय शक्ति केन्द्रहरूर उनीहरूको प्रभाव बढ्दै गएको छ, जसले अन्तर्राष्ट्रिय सम्बन्धलाई थप जटिल बनाएको छ । यसका अतिरिक्त, विश्वव्यापी चुनौतीहरू जस्तै जलवायु परिवर्तन, महामारी, अन्तर्राष्ट्रिय आतंकवाद, साइबर युद्ध र शरणार्थी संकट जस्ता विश्वव्यापी चुनौतीहरूले कुनै एक राष्ट्रको सीमाभन्दा बाहिर गएर सहयोगको माग गर्छन् । यी चुनौतीहरूलाई सम्बोधन गर्न बहुपक्षीय कूटनीति र विश्वव्यापी शासन प्रणालीलाई अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकता छ ।

सरकारको कार्यप्रणाली र शासनमा पनि नयाँ प्रवृत्तिहरू देखा परेका छन् । प्रविधिको प्रयोगलेखुला सरकार र ई-गभर्नेन्सलाई प्रोत्साहन दिएको छ । प्रविधिको प्रयोगले सरकारी सेवाहरूलाई थप पहुँचयोग्य र पारदर्शी बनाउन मद्दत गरेको छ, जसले सुशासनलाई टेवा पुऱ्याउँछ । तर, यसले डिजिटल विभाजनर साइबर सुरक्षाका चुनौतीहरू पनि ल्याएको छ । यसका साथै, नागरिक सहभागिताका नयाँ रूपहरूको उदय भएको छ । परम्परागत मतदानभन्दा बाहिर नागरिकहरूले जनसुनुवाइ, अनलाइन प्लेटफर्म, बजेट सहभागिता जस्ता विभिन्न माध्यमबाट शासन प्रक्रियामा भाग लिइरहेका छन् । यसले लोकतन्त्रलाई अझ बढी सहभागितामूलक बनाउन सहयोग पुर्यायउँछ । यद्यपि, सुशासनका चुनौतीहरू जस्तै भ्रष्टाचार, जवाफदेहिताको अभाव र कमजोर संस्थागत क्षमता धेरै देशहरूमा लोकतान्त्रिक शासनका लागि ठूला चुनौती बनेका छन् । यसले नागरिकहरूमा राजनीतिक नेतृत्वप्रति निराशा बढाएको छ र सुशासनको मागलाई अझ बलियो बनाएको छ ।

नेपालको राजनीतिमा पनि माथि उल्लिखित विश्वव्यापी प्रवृत्तिहरूको प्रभाव देख्न सकिन्छ । नेपालमादलीय प्रणालीमा बदलाव आएको छ । परम्परागत ठूला दलहरूको प्रभाव घट्दै गएको र नयाँ वैकल्पिक शक्तिको खोजी र उदय (जस्तैः राष्ट्रिय स्वतन्त्र पार्टी) यसको उदाहरण हो । यसले नेपाली मतदाताहरूको राजनीतिक चेतनामा आएको परिवर्तनलाई पनि दर्शाउँछ । सैंघीयताको व्यवस्था भए पनिसैंघीयताको अभ्यास र चुनौतीमा समस्याहरू छन् । यसको कार्यान्वयन, शक्ति बाँडफाँड र समन्वयमा अझै चुनौतीहरू छन् । जातीय, क्षेत्रीय र भाषिक पहिचानमा आधारितपहिचानको राजनीतिले नेपाली समाजमा समावेशिता र प्रतिनिधित्वका लागि निरन्तर दबाब सिर्जना गरिरहेको छ । राजनीतिक अस्थिरता, भ्रष्टाचार र कमजोर सेवा प्रवाहका कारणसुशासन र भ्रष्टाचारलाई लिएर जनतामा राजनीतिप्रति निराशा बढेको छ । यी आन्तरिक चुनौतीहरूले गर्दा नेपालको राजनीतिक परिदृश्य थप जटिल बनेको छ ।

नेपालको आधुनिक राजनीतिमायुवा र सामाजिक सञ्जालको प्रभावअत्यन्तै महत्त्वपूर्ण छ । युवाहरूको राजनीतिक चासो र सामाजिक सञ्जालको प्रयोगले परम्परागत राजनीतिको ढाँचामाथि प्रश्न उठाउदै नयाँ बहस सिर्जना गरिरहेको छ । युवाहरूले नेतृत्व परिवर्तन र पारदर्शी शासनको मागलाई जोडतोडले उठाइरहेका छन् । सामाजिक सञ्जालले राजनीतिक दल र नेताहरूमाथि सिधा प्रश्न गर्ने र आलोचना गर्ने ठाउँ दिएको छ । यसका साथै, नेपालको भू-राजनीतिक संवेदनशीलताले यसको परराष्ट्र नीति र आन्तरिक राजनीतिमा पनि प्रभाव पारि रहेको छ । भारत र चीनबीचको भू-राजनीतिक अवस्थितिले नेपाललाई दुवै छिमेकीसँग सन्तुलित सम्बन्ध कायम गर्नुपर्ने चुनौती थपेको छ, जसले गर्दा यसको आन्तरिक मामिलामा पनि बाह्य चासो र हस्तक्षेपको सम्भावना रहन्छ ।

आधुनिक राजनीतिमा देखिएका यी परिवर्तनशील प्रवृत्तिहरूले राजनीतिको अध्ययनलाई अझ जटिल तर रोचक बनाएको छ । लोकतन्त्रमाथि बढ्दो दबाव, प्रविधिको दुईधारे प्रभाव, पहिचान र आर्थिक असमानताका मुद्दाहरूर बदलिदो भू-राजनीतिक परिदृश्यको यस संवेदनशील घडीमा राजनीतिक दलहरूले होसियारीपूर्वक कदम चाल्नुपर्ने आवश्यकता छ । उनीहरूले लोकप्रियतावादको बहकाउमा नपरी, लोकतान्त्रिक संस्थाको सुदृढीकरण, ध्रुवीकरणको न्यूनीकरणर आर्थिक असमानतालाई सम्बोधन गर्ने दीर्घकालीन नीतिहरूमा केन्द्रित हुनुपर्छ ।

विशेष गरी, जेन-जी आन्दोलनले परम्परागत राजनीतिको शैलीलाई चुनौती दिइरहेको छ । यो पुस्ता सुशासन, पारदर्शिता, जलवायु परिवर्तन र सामाजिक न्यायका मुद्दामा बढी सचेत र सक्रिय छ । सामाजिक सञ्जालको माध्यमबाट छिटो परिचालन हुने यस समूहको मागलाई सम्बोधन गर्न राजनीतिक दलहरूले आफ्नो आन्तरिक लोकतन्त्र सुदृढ गर्नुपर्छ, युवामैत्री एजेन्डाहरू अपनाउनुपर्छ र डिजिटल युगका चुनौतीहरूको सामना गर्न तयार रहनुपर्छ । यी प्रवृत्तिहरूलाई बुझेर मात्रै हामी वर्तमान राजनीतिक चुनौतीहरूको सामना गर्न सक्छौं र भविष्यका लागि उपयुक्त समाधानहरू खोज्न सक्छौं ।

# राजनीतिमा लाजनीति

✍ अच्युतप्रसाद पौडेल "चिन्तन"

कर्मचारी, पेसा व्यवसाय, शिक्षा, रोजगार सबै क्षेत्र राजनीतिको गोल चक्करमा फसेको छ । राजनीतिकर्मीहरुले सबैलाई आफ्नो गोठालो बनाए र सयौँ वर्ष आफ्नै अधीन हुने कल्पना गरे । अकस्मात् नै भएको भाद्र २३ र २४ को जेन्जी आन्दोलनले गर्दा राजनीतिले फरक मोड लियो तर यसमा निहित उद्योग, व्यवसायहरु मारमा परे । रिजेन्सी हायात होटलले आफू वन्द हुन बाध्य भएपछि कमचारीलाई अवकाश भन्यो र सबैजसो अनुभवी कर्मचारीहरु पुनः युनियनमा आबद्ध भई आफूलाई नहटाउन भनिरहेका छन्, तर व्यवस्थापन आफू यसमा धान्न नसक्ने भन्दै छ ।

मीनबहादुर व्यवसायी थिए, उनले कीर्तिपुरको जग्गा राजनीतिलाई दाइजो दिएदेखि नै सबैको आँखा उनीप्रति तेर्सिएका थिए । अन्ततः मौका पाउनासाथ जनता बेहोसी भइदिए, भाटभटेनीहरु आगजनी, तोडफोडमा परे । जलेका भवनहरुको फोहोर निकाल्न अहिले डोजर, के-के प्रयोग भइरहेको छ, हेरिसक्नुको अवस्था छैन । एनसेलको भवन हेर्दा मन कुँडिन्छ लैनचौरको, क्षतविक्षत छ, पंक्तिकार हिल्टन, भाटभटेनी, हायात, एनसेलको भवन परिसरतिर घुमिरहन्छ । चौधरी समूहको उद्यम, व्यापारमा कालो खरानी उडिरहेको छ, तिनलाई उठ्न कठिन भइरहेको छ । यसबाट अब सिक्नुपर्ने पाठ के हो भने, राजनीति सधैं सरल रेखामा चल्दैन र उद्यमी, व्यवसायीहरुले वक्ररेखातिर नगएकै राम्रो । राज्यको नीति मान्नुपर्छ तर राज्य सत्ताको अंग बनेर तिनको दास हुनुहुन्न भन्ने बुझ्न अब जरुरी छ ।

विद्युत् बक्यौताको कुरो त्यही हो । सत्ताको लाचार छायामा राजनीतिकर्मीहरु सती जालान् तर उद्यमी, सेना, प्रहरी, कर्मचारी, व्यापारीको धर्म फरक हुन्छ, राजनीतिप्रति तटस्थ बसेर देशको अर्थनीति अधीन रही आम जनमानसमा सेवा गर्ने र निश्चित मुनाफा लिने हो व्यापारीहरुले । लगानी भनौं परलमोलको १० प्रतिशत मुनाफासम्म राम्रो सहज होला तर दुर्गन्धित राजनीतिको आडमा बसेर बिजुलीको पैसा नतिर्ने, चिनजान, मोलाहिजाकै कारण पहुँचका आधारमा भन्सार, राजस्व, बक्यौता छुट मिनाहा यी काम राम्रा होइनन् । भन्न थालिएको छ कि अहिले बालकोटको खड्गो टरेपछि बिजुली बक्यौता पहिलो किस्ता भए पनि तिरिएको र सबैको लाइन जोडिएको छ । पहिले नेतृत्वले नै नतिर्न भनेकाले व्यापारीहरुले रकम तिर्न मानेका थिएनन्, यसका लागि कार्यकारी प्रमुख हटाउनेदेखि धेरै काम भएकै हुन् । राजनीतिले अधिक माया गरेको राम्रो हुन्न र घर-परिवारमा पनि अधिक पुलपुल्याएका सन्ततिले छिटो प्रगति गर्न सक्दैनन् भन्ने हाम्रो पुर्ख्यौली मान्यता छ ।

राजनीतिको कोल्टे फेराइसँगै विदेशी एजेन्सीहरुले नेपालको आर्थिक वृद्धि दर प्रक्षेपण घटाएका छन्, वैदेशिक लगानी पनि घटेको छ । साँच्चै रोजगारीका ढोकाहरु बन्द छन्, पर्यटन व्यवसायीहरु मारमा परेका, बिमामा चौतर्फी दबाब परेको र पूर्वाधारहरु तहसनहस भएका छन् । उद्यमी व्यवसायीहरुका लागि राम्रो वातावरण र शान्ति-सुरक्षामै प्रश्न आइरहेको छ र हतियार बाहिर भई कति त कैदीबन्दीहरु पनि बाहिर छन् । अघिल्लो राजनीतिले मुद्रे, चुल्ठे, हत्यारा सबैलाई प्रश्रय दियो, साथ दियो, इँटा भट्टाकाहरुलाई पनि साथ दियो, गर्नुपर्ने-नपर्ने सबै काम गऱ्यो र भन्ठान्यो, उसले लिएको नेतृत्वको ठ्याम्मै विकल्प छैन तर एकाएक माहोल परिवर्तन हुँदा पहिलेको नेतृत्वले दुलाभित्र पस्नुपर्ने बाध्यता आइलाग्यो । त्यो राजनीतिको संयन्त्र गतिलो थिएन, आफ्नो अन्त्य हुने दिन पनि आँकलन गर्न नसकी एक्कासी बिदा भयो ।

सरकारी संयन्त्र निकै कच्चा भएको अनुभूति अलि पछि मात्रै गर्न थालियो, विश्लेषकहरुले त पहिले नै विश्लेषण गरेकै थिए । तर आफ्ना जरा राम्रा, बलिया भएका र सबै आफ्नै समर्थक रहेको भ्रम पालेको थियो त्यो राजनीतिले । अव होस आएर दलहरुले नाम फेरिने, काम फेरिने, जनशक्तिसमेत फेरिने भन्न थालेका छन् । नसोचिएका मान्छे आएका छन्, सोचिएका चाहिँ गएका छन् । यस्तो अस्थिर राजनीतिको कारण लगानीकर्ताहरु पनि निराशमा छन्, प्रकृतिको वितण्डाले उब्जनी घटेको छ भने राजनीतिक वितण्डाले चर्को असर पारेको छ । नेपालको अवस्थाले जर्जर अर्थचित्र नग्नरुपमा देखाइरहेको छ र काडमाडौंको फोहोरमा राजनीति, यहाँको पानी मुहानमा राजनीति, जलवायु संकटको थप मार र भार पनि हामीलाई नै परेको छ ।

अन्नबालीको क्षेत्रफल मात्रै घटेको छैन, समयमा आकाशे वर्षा नहुँदा र बेमौसमको अधिक वर्षाले ठूलै धनजनको नोक्सानी भइरहेको बेला कुपोषण, खाद्य असुरक्षा बढाएको छ । जाँदाजाँदै अघिल्लो सरकारले दुई वर्षमा चामलमा आत्मनिर्भरता भनेको थियो । यो उद्देश्य हात लाग्ने छाँट देखिएको छैन । चामल, खाद्यान्नमा आत्मनिर्भर होइन हामी झोले, गुण्डा उत्पादन गर्न भने आत्मर्भिर भएका छौं र विदशी इशाराको साथमा सरकार चलाउन पनि । पर्यटनक्षेत्रको कमीले वायु सेवा निगमले करार कर्मचारी घटाएको छ । दूध किसानले दूधको भुक्तानी नपाएका र उखु किसानको हालत उही छ । अस्पतालहरुले बिमा भुक्तानी पाएका छैनन् र तिनको मनोबल गिरेको छ । स्वास्थ्य क्षेत्रमा नक्कली औषधि आयो भनिदै छ । यो जेन्जी सर कारले जेन्जीको मुख थुन्यो भनिएको छ, कतै सकारात्मक पाइला चालेन भनिएको छ । कच्चा आदेश दिनेहरुलाई समातेर कठघरामा राख्नुपर्ने माग बढिरहेको छ भने संसद् भवन लाचार धुवाँ बनिरहँदा फागुन २१ लाई चुनावी दिन भन्दै निर्वाचन कार्यालयहरुमा मतदाताको भीड जम्मा गराइएको छ । चुनाव खास अहिले आवश्यकता होइन तर के देखेर आवश्यता महसुस भयो ? थाहा छैन ।

काम नभएपछि 'मि झि र झ झि' भन्ने अदालती आदेश चलिरहन्छ । भैरहवामा रहेको मिसिललाई काठमाडौं झिकाउने अनि उता सरेपछि यताबाट उता झिकाउने अनि झगडिया झिकाउने बाफ् रे कत्राकत्रा काम भइरहन्छन्, मुसा खेलाउने शैली । उहिले भनिन्थ्यो, कसैलाई रोजगारी दिनुपरेमा बागमतीको बालुवा लगेर खेर नफाली विष्णुमतीमा हालेर आऊ, १० रु. पाइन्छ, बस् कुदेर कुल्ली जान्थ्यो र मालिकको हातबाट रु. १० बक्सिस पाउँथ्यो । बस् राजनीतिको गोलचक्करमा स्वास्थ्य संस्थाको उद्घाटन अनि औद्योगिक ग्रामहरुको उद्घाटनको लहर भ्यूटावरकै शैली र अन्तर्राष्ट्रिय हवाई मैदानको शैली अनि राजमार्गहरुको उद्घाटन कति हो कति भयो, काम भएन । श्री ३ हरु जसले लोकतन्त्रलाई गम्भीर दुर्घटनामा पारे, उद्घाटन धेरै गरे, शिलान्यास धेरै गरे, कामको परिणाम हातमा आयो शून्य नै छ । जल्यो अन्त्यमा दरबार सबै, मिसिल पनि जल्यो होला शायद र मिसिल सक्कलै झिकाउने आदेश आएको हुन सक्छ । न्याय ढिलो दिनु भनेको नदिनुसरह नै हो ।

लोकतन्त्रका नाममा शासक र शाषित बीचको लडाइँ सदावहार छ, संसारमा पनि छ, यहाँ बढी छ । प्रजातन्त्र वा लोकतन्त्र भन्नु शासन प्रणाली मात्रै नभएर यो जीवन पद्धति पनि हो, संस्कार र सभ्यता त हुँदै हो । सात सालदेखि हामीले के संस्कार सिक्यौं, के सभ्यता दियौं, लियौं ? त्यो हेर्नलायक छैन । अजर-अमर भई बालुवाटार बा शीतलनिवास बस्नेहरुको भागाभाग र तिनलाई संरक्षण गर्नेहरुको स्थान हदसमेतको पर्चाबाजीले के स्पष्ट हुन्छ त ? कोतपर्वभन्दा कम थिएन यो भाद्रको आन्दोलन, सधैं कोतपर्व, सधैं भण्डारखाल पर्व, सधैं मकैपर्व, सधैंको रडाको छ देशमा ।

(साभार: न्यूज अफ नेपाल)



# दीपेन्द्र र सन्दीप चम्केको दिन सुदूरपश्चिम र विराटनगरको रवाफ

काठमाडौं/दुवै कप्तानले टस हारे तर दुवैले खेलमा ४-४ विकेट लिए । अनि आफ्नो टिमलाई जिताउन मद्दत गरे । दुवै टिमले आफ्नो टिमले बनाएको मध्यम स्कोर डिफेन्ड गराउनका लागि महत्वपूर्ण भूमिका खेले । दुवै खेलाडीका टिमले लगातार तेस्रो जित हात पार्‍यो । अपराजित यात्रा कायम राख्यो । सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपीएल) मा सोमबार दुई नेपाली खेलाडी दीपेन्द्र सिंह ऐरी र सन्दीप लामिछाने छाए ।

दुवै खेलाडीका टिमले १४० रन भन्दा कम बनाएपनि दोस्रो इनिङ्समा उत्कृष्ट बलिङबाट विपक्षीलाई कम स्कोरमा रोक्न ठूलो रोल खेले । दुवै खेलाडी प्लेअर अफ दि म्याच घोषित भए । यसअघि भएका ८ खेलमा विदेशी खेलाडीहरू हावी बन्दा ७ विदेशी प्लेअर अफ दि म्याच बनेका थिए भने एक मात्र नेपाली खेलाडी (लोकेश बम) प्लेअर अफ दि म्याच घोषित भएका थिए ।

तर सोमबार भने दुवै खेलमा नेपाली खेलाडी नै चम्किए । त्यसमा पनि नेपाली राष्ट्रिय क्रिकेट टोलीका दुई अनुभवी खेलाडी चम्किएका हुन् । आईसीसीको टी-२० अलराउण्डर वरीयतामा समेत शीर्ष १० भित्र पर्दै २ नम्बरसम्म पुगेका अलराउण्डर दीपेन्द्रले कर्णाली विरुद्ध त्यस्तै किसिमको प्रदर्शन गरे । दीपेन्द्रको अलराउण्ड प्रदर्शन ३९(२८) र ४-२३ मा साविक उपविजेता सुदूरपश्चिमले कर्णाली याक्सलाई ४५ रनले हराउँदै लगातार तेस्रो जित निकालेर शीर्ष स्थानमै उक्लियो ।

त्यसअघि पहिलो खेलमा विराटनगर किङ्सले पनि मध्यम योगफल डिफेन्ड गर्ने क्रममा कर्णाली याक्सविरुद्ध ९ रनको रोमाञ्चक जित निकाल्यो । विराटनगरको जितमा कप्तान सन्दीप लामिछानेले ४ ओभरमा ११ रन मात्र दिएर ४ विकेट लिए ।

**सन्दीपको घातक बलिङ**

सोमबारको पहिलो खेलमा विराटनगर किङ्सले जनकपुर बोल्ट्सलाई ९ रनले पराजित गर्‍यो । ब्याटिङमा खासै बलियो योगफल नबनाएको विराटनगरले बलिङमार्फत शानदार प्रदर्शन गर्दै खेल जितेको हो । यसमा नायक कप्तान सन्दीप रहेका थिए जसले ४ ओभरमा केवल ११ रन मात्र दिएर ४ विकेट लिए । ती ४ वटै विकेट महत्वपूर्ण थिए जसले विराटनगरलाई खेलमा हर समय बलियो अवस्थामा राख्यो ।





पावरप्लेमा ठीकठाक सुरुवात गरेको जनकपुरले खेल त्यहाँबाट गुमाउन थाल्यो जब सन्दीपले बलिङको सुरुवात गरे । सन्दीपले आफ्नो पहिलो ओभरमै विपक्षी कप्तान अनिल साहलाई आउट गरे । त्यसपछि सन्दीपले आफ्नो दोस्रो ओभरमा लाहिरु मिलान्थालाई आउट गरे, जो क्रिजमा टिकिरहेका थिए । अन्तिम ओभर लिएर खेलको १८औं ओभर बलिङ गर्न आएका सन्दीपले रुपेश सिंह र संगीथ कूरेलाई लगातार बलमा आउट गरेर ह्रुयाट्रिक बलको अवस्थामा पनि पुगेका थिए ।

विकेटमा ह्रुयाट्रिक नलिए पनि टिमको ह्रुयाट्रिक जित भने उनले पक्का गराए । यसरी सन्दीपले धेरै रन पनि नदिइ ४ विकेट लिएर विराटनगरलाई लगातार तेस्रो जित हासिल गराए । खेलपछि सन्दीपले यस वर्ष सफलतामा रमाइरहेको बताए । 'यो सफलतालाई हामी इन्जोय गरिरहेका छौं । गत वर्ष त्यो सफलता थिएन । यस पटक वि आर इन्जोइङ' सन्दीपले भने 'आज बलिङको लागि फेभरेबल कन्डिसन थियो । त्यतिको स्कोर बन्नु पनि राम्रो थियो ।'

लगातार दोस्रो हारपछि जनकपुरका प्रशिक्षक शिवनराइन चन्द्रपलले भने खराब ब्याटिङका कारण बेहोरेको उल्लेख गरे । उनले टप अर्डरबाट निराशाजनक ब्याटिङ भएको बताएका थिए । उनले सन्दीपको बलिङको पनि प्रशंसा गर्दै पछिल्ला वर्षहरूमा उनको खेल हेर्ने गरेको र उनी सधैं उत्कृष्ट बलरका रूपमा रहेको बताए ।

**दीपेन्द्रको अलराउन्ड प्रदर्शन**

यता कर्णाली याक्सविरुद्ध टस हारेर पहिले ब्याटिङको निम्तो पाएको सुदूरपश्चिमको टप अर्डर आज चलेन । सुदूरका शीर्ष ३ ब्याटर जोश ब्राउन, विनोद भण्डारी र क्रिस लिन कमै स्कोरमा आउट हुँदा ८ ओभरभित्रै सुदूरपश्चिम ४१-३ को अवस्थामा थियो । त्यसपछि इशान पाण्डे पनि रनआउट भएपछि सुदूर १० ओभर सकिँदा ५३-४ को अवस्थामा थियो र क्रिजमा थिए दीपेन्द्रसिंह ऐरी र आरिफ शेख ।

दीपेन्द्रले त्यस अवस्थाबाट २८ बलमा ३९ रन बनाएपछि सुदूर पश्चिमले १३९ रनको योगफल बनाउन सक्यो । जवाफमा दीपेन्द्रले बलिङमा पनि ४ विकेट लिएर म्याच विनिङ प्रदर्शन गरेपछि ककर्णाली ४ बल बाँकी छँदै ९४ रनमै अलआउट भयो । दीपेन्द्रले कर्णालीका दुवै ओपनरलाई आउट गरे । एक थिए प्रियांक पान्चाल जसलाई शून्यमै स्टम्प आउटको शिकार बनाए । अर्का थिए मार्क वाट, जसले अघिल्लो खेलमा शानदार शतक बनाएर आएका थिए र आजको खेलमा पनि अट्याक गर्न थालिसकेका थिए ।

वाटले २ छक्का दीपेन्द्रलाई नै प्रहार गरेका थिए । पछि उनैले एलबीडब्लु आउट गरि दिए । यहाँ दीपेन्द्रले 'क्रुवीक रि भेन्ज' पनि लिए । पावरप्लेभित्रै ३ ओभर बलिङ गरेका दीपेन्द्रले अफगानी ब्याटर नजिबुल्लाह जाद्रानलाई पनि एलबीडब्लुमा फसाए । यसपछि दीपेन्द्रले अर्को एक महत्वपूर्ण विकेट लिए । कर्णालीलाई खेल जिताउन सक्षम खेलाडी गुल्शनलाई पनि बोल्ड गरिदिएपछि दीपेन्द्रले ४ विकेट पूरा गरे । खेल पनि सुदूर पश्चिमकै पक्षमा पक्का गरे ।

खेलपछि कुरा गर्दै दीपेन्द्रले समग्र टिमले अवस्था अनुसार राम्रो खेलिरहेको बताए । 'एकदम राम्रो भइरहेको छ । टिमले विकेटअनुसार खेलिरहेको छ । प्लेअफ पुग्न जितमा ह्याट्रिक गर्‍यौं । अब अरु टिमलाई पनि दबाब परेको छ सुदूरपश्चिमलाई लगातार तेस्रो खेल जिताएर प्लेयर अफ दि म्याच बनेका दीपेन्द्रले पोस्ट म्याच कन्फेरेन्समा भने ।

**दीपेन्द्रले गुल्शनसँगको शर्त जित्दा "समरसल्ट" सेलेब्रेसन**

खेलमा दीपेन्द्रले गुल्शन झालाई बोल्ड गरेपछि समरसल्ट सेलिब्रेसन गरेका थिए । दीपेन्द्रले कुनै महत्वपूर्ण विकेट लिँदा समरसल्ट सेलिब्रेसन गर्ने गरेका छन् । आफ्न उनले दुईपटक उक्त सेलेब्रेसन गरेका थिए । गुल्शनलाई आउट गर्नुअघि नजिबलाई आउट गर्दा पनि उनले उक्त सेलेब्रेसन गरेका थिए ।

पहिलो सेलेब्रेसेन अरुबेला जस्तै गरेको उल्लेख गर्दै उनले सोमबार गुल्शनलाई आउट गरेपछि भने एक शर्त जितेपछि उक्त सेलेब्रेसन गरेको उल्लेख गरे । 'सुरुमा चाहिँ अटोमेटिक थियो त्यस्तो खासै थिएन, दोस्रोमा चाहिँ गुल्शन र मैले शर्त लगाएका थियौं त्यो जितेपछि सेलेब्रेसन गरेको हो' उनले भने ।

**बलरलाई फेभरेबल कन्डिशन**

आजका दुवै खेलमा बलरहरूलाई सहयोग गर्ने किसिमको पिच देखियो । पहिलो खेलमा विराटनगरले १३५ रन मात्र बनाएर डिफेन्ड गरेको थियो । दोस्रो खेलमा सुदूरपश्चिमले पनि १३९ रन मात्र बनाएर विपक्षीलाई दोहोरो अंकको योगफलमै रोक्यो । बलरमा पनि स्पीन बलरहरूलाई सोमबारको कन्डिशन सहयोगि देखियो । पहिलो खेलपछि विराटनगरका कप्तान सन्दीपले पनि बलिङ सहयोगी पिच कन्डिशन रहेको बताएका थिए ।

दोस्रो खेलमा कर्णाली याक्सका प्रशिक्षक राजु बस्न्यातले पनि सोही किसिमको टिप्पणी गरेका थिए । 'आजको पिचअनुसार सुरुमा खेल्न गाह्रो नै थियो, पहिलो खेलमा पनि हेर्‍यौं स्पीन बलरहरूलाई फाइदा पुग्ने किसिमको थियो' राजुले भने, 'तर त्यो मात्र नभएर हामीले खराब ब्याटिङ गरेको भएर पनि आज पराजित भएका हौं ।' सोमबारका दुई खेलहरूमा गरेर कूल ३५ विकेट खसेका थिए । जहाँ १८ विकेट स्पीन बलहरूले लिए भने १७ विकेट पेस बलरको नाममा रह्यो ।

**दाबेदार देखिँदै सुदूरपश्चिम र विराटनगर**

लगातार तीन खेल जितेका सुदूरपश्चिम र विराटनगर ६ अंक जोड्दै शीर्ष दुईमा रहेका छन् । नेटरनरेटका आधारमा सुदूर पश्चिम शीर्ष स्थानमा छ । दुवै टिम अहिले विपक्षी भन्दा ४ अंकले अघि छन् । सुरुवाती तीन खेलमा लगातार जितले दुवै टोलीले एउटा लय समातेको छ र प्लेअफ पुग्नका लागि दाबेदार टोलीको रुपमा देखिएको छ ।

गत वर्ष लिग चरणमा उत्कृष्ट प्रदर्शन गरेर पनि फाइनलमा चुक्दा सुदूरपश्चिम रोयल्स उपविजेता बनेको थियो । यस पटक जसरी पनि च्याम्पियन नै बन्ने लक्ष्यका साथ उनीहरू आएका छन् । त्यसमा यस पटक अष्ट्रेलियाका चर्चित ब्याटरहरू क्रिस लिन र जोश ब्राउनको आगमनले सुदूरपश्चिमको टोली झन् बलियो देखिएको छ । दीपेन्द्र सहितका घरेलु खेलाडीहरू पनि लयमा छन् भने बलिङमा न्युजिलयाण्डका स्कट कुगेलेइन जस्ता अनुभवी खेलाडीसँग नेपालका दुई मिडियम पेस बरलर अविनाश बोहरा र हेमन्त धामीले पनि राम्रो गरिरहेका छन् ।

अर्कोतर्फ सन्दीप लामिछानेसहित फाफ डु प्लेसी र मार्टिन गप्टिल जस्ता विदेशी खेलाडी अनुबन्ध गरेपछि विराटनगर किङ्स यस वर्ष अर्को चर्चित टोली बनेको छ । फाफ डु प्लेसी आउनुअघि नै विराटनगरले लय समातेको छ र डु प्लेसी आएपछि टिम अझ बलियो हुने पक्का देखिएको छ । कप्तान सन्दीपले पनि फाफ आएपछि टोलीमा थप इनर्जी थपिने उल्लेख गरे । यस्तै सन्दीपसँगै सूर्य तामाङ पनि स्पीनमा राम्रो देखिइरहेका छन् भने मर्चेन्ट डे लाङले पेस अट्याक लिड गर्दा अर्का पेसर प्रतिश जीसी र मिडियम पेसर शुभम रन्जानेले सपोर्ट गरिरहेका छन् ।

*(स्रोत:अनलाइनखबर)*

# मलाई यो समाजमा बाँच्न धेरै गाह्रो भइसक्यो: वर्षा राउत



काठमाडौं/अभिनेत्री वर्षा राउतको व्यक्तिगत जीवन निरन्तर चर्चा-विवादको केन्द्रमा रहँदै आएको छ । कहिले श्रीमानको परिवारसँग उनको राम्रो सम्बन्ध नभएको चर्चा हुने गर्छ, त कहिले वैवाहिक सम्बन्ध नै संकटमा पुगेको जस्ता दाबीहरू सार्वजनिक हुने गर्छन् । यी विषयमा वर्षाले सामाजिक सञ्जाल र मिडिया मार्फत पटकपटक स्पष्टीकरण दिँदै आइरहेकी छन् ।

आइतबार वर्षाले डिभोर्सको चर्चाबीच श्रीमान् संजोग कोइरालासँग एक टेलिभिजनमा अन्तर्वार्ता दिएकी छन् । उक्त अन्तर्वार्तामा श्रीमानलाई सम्बोधन गर्दै प्रयोग गरेका केही शब्दका कारण यतिबेला उनको आलोचना भइरहेको छ । श्रीमानलाई इज्जत नगरेको भन्दै प्रतिक्रियाहरू आउन थालेपछि उनले सोमबार स्टाटस लेख्दै आफूलाई समाजमा बाँच्न धेरै गाह्रो भइसकेको बताएकी छन् ।

उनले फेसबुकमा लेखेकी छन्, 'कहिलेकाहीँ मान्छेले आत्महत्याका विचार ल्याउनुपर्ने अवस्था सिर्जना हुन्छ । किनकि, उसले चाहेर होइन, समाजले बोकेको अपेक्षा, दबाब र अन्यायले मान्छेलाई घुमाउरो बाटोमा धकेलिदिन्छ । हाम्रो समाजले सदैव 'सब राम्रो देखिनुपर्छ' भन्ने मुखौटा लगाउन बाध्य पार्छ, तर भित्रको गल्ती, अन्याय, असमानता बदल्न कहिल्यै तयार हुँदैन ।'

श्रीमतीलाई अपमानजनक शब्दले गाली गर्दा मौन बस्ने समाज महिलाले श्रीमानलाई सामान्य रूपमा प्रयोग हुने 'तिमी' जस्तो शब्द बोल्दा समेत औँला उठाउने गरेकोप्रति वर्षाले असन्तुष्टि जनाएकी छन् । यस्तो दोहोरो मापदण्ड, बेइन्साफी र पक्षपातले धेरैलाई भित्रभित्रै कमजोर बनाइदिने र मानसिक रूपमा तोडिदिने उनको बुझाइ छ ।

'कहिलेकाहीँ त लाग्छ, यस्तो समाजमा बाँच्नु नै किन यति कठिन छ ? र, सच्याइनु पर्ने त समाज आफैं हो । तर, परिवर्तन चाहिँ सबैलाई चाहिन्छ भन्छन्, बदलिन भने कसैलाई मन छैन,' उनले अगाडि लेखेकी छन्, 'यही कारणले मान्छे एक्लो महसुस गर्छ, थाकिन्छ, र कहिलेकाहीँ अन्धकारतिर तानिन्छ । यो समाजमा बाँच्न मलाई साँच्चिकै धेरै गाह्रो भइसक्यो ।'

# चलचित्र 'स्त्री' फागुन २९ गतेदेखि देशभर प्रदर्शनमा आउने

काठमाडौं/जीवन शाहीको लेखन तथा निर्देशनमा निर्माण भइरहेको नयाँ नेपाली चलचित्र 'स्त्री' ले आफ्नो प्रदर्शन मिति सार्वजनिक गरेको छ । निर्माण पक्षका अनुसार 'स्त्री' आगामी फागुन २९ गतेदेखि देशभरका हलमा प्रदर्शनमा आउने भएको छ । मिति घोषणा सँगै चलचित्रको शीर्षक डिजाइन पनि सार्वजनिक गरिएको छ ।

मेला रेकर्डिङ स्टुडियोको ब्यानरमा समीर राईको निर्माण रहेको यस चलचित्रमा निर्देशक शाहीकै कथा समावेश छ भने पटकथामा उनलाई किशन अर्यालले सहयोग गरेका छन् । रामशरण उप्रेतीको छायाङ्कन, बाबुल गिरीको संगीत, सुबास काफ्ले प्रोजेक्ट म्यानेजर, देव महर्जन द्वन्द्व निर्देशक, चन्द्र भण्डारी प्रमुख सह-निर्देशक तथा श्याम बराल मेकअप र सुकनिता चौलागाईं ड्रेस डिजाइनमा छन् ।

सह-निर्मातामा सहदेव विष्ट, प्रमोद भट्टराई प्रतीक, रिता श्रेष्ठ र मञ्जु राजवंशी रहेका छन् । सयौं म्युजिक भिडियो निर्देशन गरि सकेका जीवन शाहीका लागि 'स्त्री' डेब्यु निर्देशन फिल्म हो । सामाजिक कथामा तयार भइरहेको यस चलचित्रमा प्रमोद अग्रहरी, सलोन बस्नेत, रिस्ता बस्नेत, नम्रता श्रेष्ठ, दिनेश डिसी र दीपाश्री निरौला मुख्य भूमिकामा छन् । बालकलाकार दिप्सन चिलवाल पनि फिल्ममा देखिनेछन् ।

निर्माता समीर राईका अनुसार चलचित्रको हाल पोस्ट-प्रोडक्सनको काम चलिरहेको छ । नारी-केन्द्रित कथामा बनेको 'स्त्री' को डिजिटल अधिकार ओएसआर डिजिटलले खरिद गरिसकेको छ भने फिल्मलाई एप्पल इन्टरटेनमेन्ट, एफडी र रिच इन्टरटेनमेन्टले देशभर वितरण गर्नेछन् ।

# धर्मेन्द्र: बलिउडको अग्लो नाम, हिन्दी फिल्ममा एक युगको अन्त्य

काठमाडौं/जीवनको उत्तरार्द्धतिर धर्मेन्द्र आफ्ना फार्म हाउसतिर बढी देखिन्थे । कहिले लटरम्म फलेका फलहरू देखाउँदै, कहिले लहलह झुलिरहेका धानका बाला समाउँदै उनी जीवन र जगतका कुरा गर्थे । खुसी र आनन्दको कुरा गर्थे । माटो र मिहेनतको कुरा गर्थे ।

धर्मेन्द्र, आफैंमा बलिउडको अग्लो नाम ! यस्तो नाम, जसलाई प्रतिस्थापन गर्ने कोही थिएनन् । कोही हुने छैनन् । उनी एउटा सिंगो युग हुन् । इतिहास हुन् । जसलाई बलिउडले सधैं सधैं श्रद्धाले पुकारिरहन्छ । अभिनय क्षमताले होस् वा सुन्दरताले, उनी दर्शकको फदयमा धड्किएका थिए । एउटा यस्तो बेला थियो, जहाँ युवतीहरू धर्मेन्द्र जस्तो जीवनसाथीको कल्पनामा डुब्थे र युवाहरू धर्मेन्द्र जस्तै बन्ने अभ्यास गर्थे । धर्मेन्द्र त्यसै धर्मेन्द्र बनेका थिएनन् ।

माटोले लिपिएका स्कुलको मैदानबाट सुरु भएको उनको यात्रा फिल्मी दुनियाँको ठूलो पर्दासम्म पुग्यो । स्कुलपछि उनले पञ्जाबको रामगढिया कलेज, फगवाडाबाट इन्टरमिडिएट गरे । पढाइमा सामान्य भए पनि बचपनदेखि नै अभिनयप्रति उनको रुचि थियो । कलेजको पहिलो दिनमै उनले फिल्ममा नाम कमाउने निर्णय गरेका थिए । फिल्म फेयर पत्रिकाले राष्ट्रिय स्तरमा आयोजना गरेको नवप्रतिभा पुरस्कारको विजेता थिए, उनी । त्यही नाताले उनलाई पञ्जाबबाट मुम्बई डोहोर्‍याएको थियो फिल्ममा काम गर्न । सन् १९६० मा फिल्म 'दिल भी तेरा हम भी तेरे' बाट धर्मेन्द्रले बलिउडमा पाइला राखे र यहींबाट उनको फिल्मी करियरको सुरुवात भयो । आफ्नो सादगी र प्राकृतिक अभिनय शैलीबाट उनले चाँडै नै दर्शकको मन जिते । शोले, सीता और गीता, चुपके चुपके, धर्मवीर र बेताब जस्ता फिल्मले उनलाई बलिउडको गौरवशाली नाम बनाइदियो ।

सन् ७० को दशकमा आफ्नो बलियो शरीर, एक्सन र सादगीपनको मद्दतमा उनले उद्योगमा नयाँ ट्रेन्ड नै स्थापित गरे । फ्यानहरूले माया गरेर उनलाई 'हि-म्यान अफ बलिउड' को उपनाम दिए । उनले प्रमाणित गरे कि, गाउँको पृष्ठभूमिबाट आएको कुनै पनि व्यक्तिले आफ्नो सपना पूरा गर्न सक्छ ।

धर्मेन्द्रको जीवनकथा भनेको संघर्ष, प्रेम, विवाह र बलिउडको चमकधमकले भरिएको छ । उनको पहिलो विवाह प्रकाश कौरसँग सन् १९५४ मा भएको थियो । उनीबाट दुई सन्तान सनी देओल र बबी देओल जन्मिए । तर, उनको जीवनमा मीना कुमारी र हेमा मालिनी आइपुगे, जोसँगको प्रेमकथाले उनको जीवनलाई पूरै बदलिदियो ।

**ट्यालेन्ट हन्टबाट बलिउड प्रवेश**

धर्मेन्द्र लुधियानाबाट दिल्ली आएका थिए । त्यहाँ उनले 'फिल्मफेअर' नामक ट्यालेन्ट हन्ट प्रतियोगितामा भाग लिए र पहिलो स्थान हालिस गरे । यो प्रतियोगिता आर.के. नयरले आयोजना गरेका थिए । यसले उनलाई बलिउडको ढोका खोलिदियो । उनको पहिलो फिल्म 'दिल भी तेरा हम भी तेरे' थियो, जसमा मीना कुमारी मुख्य भूमिकामा थिइन् ।

**डाइरेक्टरको ग्यारेजमा बसाइ**

फिल्मी करियर सुरु गर्दा धर्मेन्द्रसँग पैसा थिएन । उनी बलिउडका डाइरेक्टर अर्जुन हिंगोरानीको ग्यारेजमा बस्थे । उनीहरूले सँगै खाना खान्थे र संघर्ष साझेदार गर्दथे । यो समयमा उनले धेरै कठिनाइ भोगे ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# श्रम मन्त्रालय: छैनन् मन्त्री, फुर्सदमा कर्मचारी

काठमाडौं/२३ र २४ भदौको जेनजी आन्दोलन अघिसम्म श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा राम्रै चहलपहल हुन्थ्यो । मन्त्रीदेखि कर्मचारीलाई भेट्न आउने आगन्तुकदेखि कूटनीतिक नियोगबाट समेत चहलपहल बढ्दो थियो । तत्कालीन श्रममन्त्री शरतसिंह भण्डारी सामान्यतया बिहान १० बजे मन्त्रालय पुगिसकेका हुन्थे । सचिव तथा अन्य कर्मचारीसँग आवश्यक ब्रिफिङ लिन्थे र नयाँ-नयाँ योजना अघि बढाउँदै श्रम तथा वैदेशिक रोजगार क्षेत्रमा गर्न सकिने सुधारका पाटाबारे अनेक उपाय लगाइरहेका हुन्थे । तर, अहिले दुई महिनाभन्दा बढी समय बितिसक्दा पनि मन्त्रालय सुनसान छ ।

यतिबेला कर्मचारीको दिनचर्या हाजिर गर्ने र बस्ने जस्तै भएको छ । न कुनै नयाँ योजना अघि बढेका छन्, न पुराना कार्यले प्राथमिकता पाउन सकेका छन् । कर्मचारी स्वयं यतिबेला 'अभिभावक विहीन' भन्दै आएका छन् । संचारकर्मी मन्त्रालयको एक शाखा पुग्दा कर्मचारीहरू फुर्सदमा थिए । फाँटभरिका कर्मचारी एक ठाउँमा भेला भएर घाम तापिरहेका थिए । 'मन्त्रीज्यू नभएपछि दैनिक कामकाज बाहेक नयाँ काम केही हुन सकेको छैन, पहिलाका निर्णयमा समेत खासै प्रगति हुन सकेको छैन,' मन्त्रालयका एक कर्मचारीले भने, 'बिहान अफिस आयो, हाजिर गर्‍यो, दिनभरि त्यत्तिकै बसिराख्यो, बेलुका घर गयो, अचेल यस्तै दिनचर्या चलिरहेको छ ।'

ती कर्मचारीका अनुसार मन्त्री हुँदा र मन्त्री नहुँदाको काम गराइमा निकै भिन्नता छ । त्यसमाथि जेनजी आन्दोलनपछि कर्मचारीको मनोबल निकै गिरेको छ । यस्तो अवस्थामा दिनहुँ मन्त्रालय आउने, कर्मचारीको मनोबल बढाउने तथा आवश्यक निर्देशन दिने खालको नेतृत्व चाहिन्छ ।

तर, श्रम मन्त्रालयको समेत जिम्मेवारी प्रधानमन्त्री सुशीला कार्कीले लिइरहेकी छिन् । कुनै नीतिगत तथा मन्त्रीस्तरीय निर्णयका लागि मन्त्रालयका अधिकारीहरूले फाइल प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पठाउने गरेका छन् । ती फाइल प्रधानमन्त्रीले अध्ययन गरेर निर्णय गर्न निकै समय लाग्ने गरेको छ । केही दिन अगाडि ओमानसँगको श्रम सम्झौता सम्बन्धी निर्णय गराउन मन्त्रालयले प्रधानमन्त्री कहाँ पठाएको थियो । तर, प्रधानमन्त्रीको व्यस्तताका कारण निर्णय हुन ढिलाइ हुन पुग्यो ।

त्यसअघि समेत निर्णयका लागि पठाइएका फाइल ढिला गरी निर्णय भएर आउने गरेको थियो । जसले गर्दा कर्मचारीलाई समेत विभागीय मन्त्री नहुँदा दुःख पाइरहेको अनुभूति भएको थियो ।

'प्रधानमन्त्रीज्यूको समय पनि धेरै हुँदैन, त्यसमाथि धेरै मन्त्रालयको जिम्मेवारी लिनुभएको छ, हामीले निर्णयका लागि पठाउँदा राम्रोसँग ब्रिफ गर्नुपर्छ,' मन्त्रालयका अर्का एक अधिकारीले भने, 'त्यसपछि पनि बुझ्नुभएन भने फेरि प्रष्ट पार्नुपर्छ, विभागीय मन्त्री भयो भने त सहज हुन्छ, अहिले दैनिक प्रशासनिक कार्यबाहेक खासै छैन् ।' अहिले श्रम मन्त्रालय सचिव डा. कृष्णहरि पुष्करको जिम्मेवारीमा छ । प्रशासनिक कार्यको प्रमुख उनै हुन् । मन्त्री हुँदासमेत मन्त्रीस्तरीय निर्णय बाहेकमा सचिव स्तरीय निर्णय तथा निर्देशनबाट काम अघि बढ्ने गरेको छ ।

अहिले विभागीय मन्त्री नहुँदा कामकाजै रोकिएको भन्ने नभए पनि कर्मचारीमा रौनक तथा मन्त्रालयको 'चार्म' भने घटेको देखिन्छ । अहिले विभागीय मन्त्रीको जिम्मेवारी समेत सम्हालेकी प्रधानमन्त्री कार्कीकहाँ निर्णयका लागि फाइल पठाउने गरिएको श्रम मन्त्रालयले जनाएको छ । मन्त्रीस्तरीय निर्णय बाहेक काम सचिव स्तरीय निर्णयबाट हुँदै आएको छ । मन्त्रालयका प्रवक्ता पिताम्बर घिमिरेले मन्त्रीस्तरबाट गर्नुपर्ने विषय प्रधानमन्त्रीबाटै भइरहेको बताए ।

'निर्णयका फाइल, आवश्यक निर्देशन उहाँबाटै हुने गरेका छन्, दैनिक प्रशासनिक काम, सचिवस्तरबाट हुने भनेपछि स्वाभाविक रूपमा हुने भयो,' उनले भने, 'मन्त्रीस्तरबाट हुने निर्णय, प्रधानमन्त्री ज्यूकोमा लगेर गर्ने गरेका छौं ।'

मन्त्रालयले हाल ओमानसँग श्रम सम्झौतामा हस्ताक्षर गर्ने निर्णय र इजरायलमा कामदार पठाउने सम्बन्धी निर्णय मन्त्रिपरिषद् बैठकमा पेस गरेको छ । मन्त्रीस्तरीय निर्णय गरेर मन्त्रिपरिषद् बैठकमा पेस गरिएका ती विषय विधायन समिति पठाइएको छ । साउदी अरबसँग श्रम सम्झौता गर्न अनुमति दिने निर्णय अघिल्लो सरकारकै पालामा भएको थियो । साउदीबाट मिति र हस्ताक्षर गर्ने अधिकारको टुंगो लागेपछि सम्झौतामा हस्ताक्षर गर्ने तयारी भइरहेको प्रवक्ता घिमिरेले बताए ।

तीबाहेक सचिवस्तरबाट हुने दैनिक प्रशासनिक कार्य भने नियमित भइरहेको उनको भनाइ छ । मन्त्रालयको नियमित कार्यमा कुनै समस्या नभएको उनले प्रष्ट पारे । प्रशासनिक काम सचिवस्तरकै निर्णयबाट हुने भएकाले त्यही अनुसार भइरहेको उनको भनाइ छ । विभागीय मन्त्री हुँदा मन्त्रालयमा चहलपहल समेत हुन्थ्यो । यतिबेला भने कर्मचारी समेत फुर्सदमा देखिन्छन् ।

श्रम तथा आप्रवासन विज्ञ रामेश्वर नेपालले मन्त्री नहुँदा मन्त्रालयको काम कारबाहीमा भिन्नता देखिएको बताए । अहिले सरकारको अवस्था भनेको निर्वाचन गराउने भए पनि दैनिक क्रियाकलाप समेत उसकै हातमा रहेको बताए । जेनजी आन्दोलनपछि देखिएका विविध समस्या समाधान गर्न नेतृत्वकर्ता चाहिएको उनको भनाइ छ । 'कतिपय मन्त्रीस्तरीय निर्णयबाट हुनुपर्ने काम पनि अवरुद्ध हुँदा रहेछन्, मन्त्री नहुँदा कर्मचारीमा शिथिलता आउने, लापरबाही हुने खालका काम हुन्छन्,' नेपालले भने ।

जेनजी आन्दोलनपछि श्रम मन्त्रालयको सशक्त भूमिका हुनुपर्नेमा त्यो नदेखिएको उनको भनाइ छ । 'अहिले यूएईले भिसामा कडाइ गरेको छ, मलेसियाले केही दिन अगाडि मात्रै १० बुँदे मापदण्डका नाममा नेपाललाई कूटनीतिक नोट पठायो,' उनले भने, 'अन्य देशमा समेत समस्या भइरहेको छ, यस्तो अवस्थामा मन्त्रालयको भूमिका सशक्त हुनुपर्छ ।'

# पथलैया-हेटौंडा-नारायणगढ सडकको फागुनभित्रै टेन्डर खुलाइने

साझाकुरा संवाददाता

हेटौंडा, ८ मंसिर/ सरकारले पूर्व-पश्चिम राजमार्ग विस्तारअन्तर्गत पथलैया-हेटौंडा-नारायणगढ सडकको स्तरोन्नति चाँडै अघि बढाउने भएको छ ।

हाल दुई लेन रहेको यस सडकलाई एसियाली विकास बैंक (एडीबी) सहुलयितपूर्ण ऋणमा चार लेनको बनाउने काम यसैवर्ष सुरु गर्न लागेको हो । ७० किलोमिटर लामो हेटौंडा-नारायणगढ सडकको वातावरणीय प्रभाव मूल्यांकन (ईआइए) र डिजाइन स्वीकृति अन्तिमचरणमा पुगेको छ । सडक विभाग, आयोजना निर्देशनालय (एडीबी)का निर्देशक चूडाराज ढकालले हेटौंडा-नारायणगढ सडकको ईआइए र डिजाइन स्वीकृतिको काम सँगसँगै भइरहेको जानकारी दिएका छन् । ढकालले सडकको डिजाइनको काम सकेर स्वीकृतिको चरणमा पुगेको बताए । डिजाइन सडक विभागले अध्ययन गरी सुधार गर्न सुझावसहित फिर्ता पठाएको ढकालले बताए । अब विभागको सुझाव समेटी डिजाइनलाई अन्तिम रुप दिई स्वीकृतिका लागि पुन: विभागमै पठाउने तयारी भइरहेको उनले जानकारी दिए ।



'हेटौंडा-नारायणगढ सडकको डिजाइन बनिसकेको छ । एकपटक विभागमा पेसगरी केही सुझावसहित आएको छ । अब सुझाव समेटी स्वीकृतिका लागि केही दिनमै फेरि विभागमै पठाउने तयारी छ,' उनले भने, 'ईआइए स्वीकृतिको काम पनि अन्तिमचरणमा पुगेको छ ।' आगामी एक/डेढ महिनाभित्र डिजाइन स्वीकृति भइसक्ने आयोजनाले जनाएको छ । डिजाइन स्वीकृति भएपछि टेन्डर प्रक्रिया अघि बढ्ने ढकालले बताए । यो सडकको अनुमानित लागत करिब ५० अर्ब रुपैयाँ रहेको छ । सरकारले १०२७ किलोमिटर लामो पूर्व-पश्चिम राजमार्गलाई अन्तर्राष्ट्रियस्तरको बनाउन लागेको छ । हालसम्म काँकडभिट्टा-लौकही (९६ किमि), कमला-कञ्चनपुर (८७ किमि), कमला-पथलैया (१३० किमि), नारायणघाट बुटवल (११४ किमि) र बुटवल-गोरुसिंगे-चन्द्रौटा (६९ किमि) को ठेक्का सम्झौता भई विस्तारको काम भइरहेको छ । चाँडै हेटौंडा-नारायणगढको पनि ठेक्का लगाउने तयारी गरेको हो ।

आयोजना निर्देशक ढकालकाअनुसार हेटौंडा-नारायणगढ सडकको विस्तारका लागि आगामी फागुनसम्म ठेक्का खुलाउने तयारी छ । विभागबाट सडकको डिजाइन स्वीकृतिपछि र एडीबीसँग ऋण सम्झौता भएर ठेक्का आह्वान गरिने उनले बताए । 'हेटौंडा-नारायणगढ सडकको टेन्डर फेब्रुअरी (फागुन)सम्म खुलाउने तयारी छ । विभागबाट सडकको डिजाइन स्वीकृत भएपछि र एडीबीसँग ऋण सम्झौता भएर टेन्डर प्रक्रिया अघि बढ्छ,' उनले भने । यो सडकलाई दुई प्याकेजमा विभाजन गरी ठेक्का लगाउने तयारी भएको उनको भनाइ छ । हाल ऋण सम्झौताका लागि एडीबीसँग छलफल चलिरहेको उनले बताए । सम्भवत: जनवरी भित्र सम्झौता भइसक्ने उनले बताए ।

हेटौंडा-नारायणगढ सडक सहरीक्षेत्रमा मुख्य सडक ६ लेन र दाँयाबाँया सर्भिस लेन निर्माण हुनेछ । अन्यक्षेत्रमा चार लेनको बनाइने छ । चितवनको टिकौली जंगलक्षेत्रमा २ किमि लामो फ्लाइओभर निर्माण गरिने भएको छ । यस क्षेत्रमा सवारीसाधनको ठक्करबाट वर्षेनी कयौं वन्यजन्तु मर्ने गरेकाले सुरक्षाका लागि फ्लाइओभर निर्माण गर्न लागिएको हो । यो संरक्षितक्षेत्रमा बन्ने नेपालकै पहिलो फ्लाइओभर हुनेछ । फ्लाओभर माथिबाट सवारीसाधन गुड्ने र तलबाट वन्यजन्तु आवतजावत गर्न मिल्ने गरी निर्माण गरिने छ । उनका अनुसार फ्लाइओभर ६ लेन (दुवैतर्फ ३-३ लेन) फराकिलो हुनेछ । जसमा बीचको ४ लेनमा सवारीसाधन गुड्ने र दाँयाबाँया १-१ लेनमा पैदलयात्रु र साइकललेन रहने छ ।

'टिकौली जंगलक्षेत्रमा वन्यजन्तुलाई निकै जोखिम छ । त्यसलाई मध्येनजर गर्दै २ किमि लामो फ्लाइओभर निर्माण गर्ने डिजाइन बनाइएको छ,' उनले भने, 'फ्लाइओभर माथिबाट सवारीसाधन र तलबाट वन्यजन्तु आउजाउ गर्ने छन् । यसले वन्यजन्तुको सुरक्षा गर्न सहयोग पुर्‍याउँछ ।' २ किमि लामो फ्लाइओभरमा कुल ६७ वटा पिलर रहने छन् । यसको लागत करिब ७ अर्ब रुपैयाँ रहेको छ । जसमा ३ अर्ब रुपैयाँ एडीबीले अनुदान दिनेछ भने ४ अर्ब नेपालले नै लगानी गर्ने तयारी छ ।

# साढे ७ अर्ब रुपैयाँ बढीको विद्युतीय गाडीको आयात



साझाकुरा संवाददाता

हेटौंडा, ८ मंसिर/चालु आर्थिक वर्षको पहिलो चौमासिकमा साढे ७ अर्ब रुपैयाँ बढीको विद्युतीय कार, जीप, भ्यान आयात भएको छ ।

भन्सार विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार चालु आवको कात्तिकसम्म कुल ७ अर्ब ५४ करोड ८२ लाख रुपैयाँ बराबरको ईभी कार, जीप, भ्यान आयात भएको हो । यो मूल्यमा कुल ३ हजार २०३ युनिट विद्युतीय कार आयात भएको हो । ती कार आयात हुँदा सरकारले ४ अर्ब ६८ करोड रुपैयाँ राजस्व आम्दानी गरेको छ । विभागकाअनुसार कात्तिकमा मात्रै ५८३ युनिट ईभी कार आयात भएको छ । असोजमा २ हजार १३४ युनिट, साउन र भदौमा ४ सय ८६ युनिट ईभी नेपाल भित्रिएको थियो । त्यस्तै, चालु आवको ४ महिनामा २ अर्ब २८ करोड रुपैयाँ बराबरको कुल २ हजार ४ सय ६४ युनिट कार आयात भएको छ । यो बापत सरकारले ५ अर्ब ५ करोड रुपैयाँ राजस्व पाएको छ ।

चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो चौमासमा इन्धनबाट चल्ने कारको आयात पनि बढेको छ । भन्सारको तथ्यांक अनुसार पेट्रोल कार, जीप, भ्यान आयात गत वर्षको तुलनामा ५४.२५ प्रतिशतले बढेको हो । ४ महिनामा २ अर्ब २९ करोड रुपैयाँ बराबरको कुल २ हजार ४६५ युनिट कम्बस्चन कार आयात भएको छ । यो गतवर्षको सोही अवधिको तुलनामा ८६७ युनिट धेरै हो । गतवर्ष ४ महिनामा कुल १ हजार ५९८ युनिट पेट्रोल कार आयात भएको थियो । चालु आवमा कार आयातबाट सरकारले ५ अर्ब ९ करोड रुपैयाँ राजश्व पाएको छ ।

चालु आवमा कुल कार आयातमा पेट्रोल कारको हिस्सा बढेको छ । ४ महिनामा कुल ५ हजार ६६८ युनिट कार आयात हुँदा आइसीई कारको हिस्सा ४३.४९ प्रतिशत पुगेको हो । चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो चौमसमा दुईपाँग्रे सवारीसाधनको आयात बढेको छ । विभागकाअनुसार चालु आवको ४ महिनामा १ लाख ६ हजार ७६८ युनिट मोटरसाइकल र स्कुटर आयात भएको हो । चालु वर्षमा गतवर्षको सोहीअवधिको तुलनामा दुईपांग्रे सवारी आयात २५.६८ प्रतिशत अर्थात २१ हजार ८०० युनिट धेरै हो । गतवर्ष ४ महिनामा ८४ हजार ८९० मोटरसाइकल र स्कुटर आयात भएको थियो ।

चालु आर्थिक वर्षमा आर्थिक गतिविधिमा क्रमश: चलायमान हुँदा दुईपाँग्रे सवारी आयातमा पनि वृद्धि भएको हो । विभागकाअनुसार चालु आवमा आयात भएको दुईपाँग्रे सवारीमध्ये ८१ प्रतिशत अनएसेम्बल रहेका छन् । ४ महिनामा ८६ हजार ३३९ युनिट अन एसेम्बल दुईपाँग्रे सवारी आयात भएको छ । हाल नेपालमा आधार दर्जन बढी ब्राण्डका दुइपाँग्रे सवारी उत्पादन हुन्छ । रोयल इनफिल्ड, बजाज, टीभीएस, यामाहा, हिरो, होण्डा, सीएफमोटो लगायत ब्राण्डका मोटरसाइकल/स्कुटर नेपालमै एसेम्बल हुन्छन् ।

४ महिनामा २० हजार ३५१ युनिट तयारी अवस्थाका मोटर साइकल र स्कुटर आयात भएको भन्सार विभागको तथ्यांकले देखाएको छ । नेपालमा खासगरी भारत, चीन लगायतका देशबाट सवारीसाधन आयात गरिन्छ । पछिल्लो समय उत्तरी नाका चीनतर्फका नाकामा अवरोध आउँदा विद्युतीय सवारी साधन आउन अप्ठ्यारो परिरहेको व्यवसायीले बताउँदै आएका छन् ।

# किरण खरेललाई बिजुलीमाया वन: पुरस्कार प्रदान गरिने

साझाकुरा संवाददाता

हेटौंडा, ८ मंसिर/भीम विराग संगीत साहित्य कला प्रतिष्ठान नेपालले यसवर्षको 'बिजुलीमाया वन:अन्तर्राष्ट्रिय संगीत पुरस्कार, २०८२' गीतकार किरण खरेललाई प्रदान गर्ने भएको छ ।

प्रतिष्ठानले सोमबार पत्रकार सम्मेलन गर्दै यसवर्षको पुरस्कारबारेमा जानकारी दिएको हो । १७ औं संस्करणको पुरस्कार यही माघ १५ गते बिहीबार हेटौंडामा एक विशेष कार्यक्रमको आयोजना गरी समर्पण गरिने प्रतिष्ठान मकवानपुरका अध्यक्ष केशवलाल श्रेष्ठले जानकारी दिएका छन् । विसं २०१४ सालदेखि 'ए दूरका सितारा' बोलको गीतबाट संगीत क्षेत्रमा सक्रिय गीतकार खरेलले अहिलेसम्म ७ सयभन्दा बढी गीत लेखेका छन् । खरेलका माइतीघर, जिन्दगीलाई जीत होइन, हिमालको काखमा छ मेरो सानो गाउँ, मन्दिरमा छ कि मूर्तिमा मायालगायत लोकप्रिय गीतका सिर्जनाकर्ता खरेलका ४ वटा गीत संग्रह प्रकाशित छन् ।




आधुनिक गीत लेखनदेखि चलचित्र क्षेत्रमा महत्वपूर्ण र सफल गीतहरु सृजना गरेका खरेलको योगदानको उच्च मूल्यांकन गर्दै यसवर्षको अन्तर्राष्ट्रिय संगीत पुरस्कार प्रदान गर्न लागिएको आयोजकले जनाएको छ । प्रतिष्ठानले देश तथा विदेशमा रही नेपाली वाङ्मयको क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याउँदै आएका सर्जक, स्रष्टालाई सम्मानित एवम् पुरस्कृत गर्दै आएको छ । यो पुरस्कारबाट हालसम्म अम्बर गुरुङ, प्रेमध्वज प्रधान, भक्तराज आचार्य, फत्तेमान राजभण्डारी, शान्ति ठटाल, दीप श्रेष्ठ, प्रकाश श्रेष्ठ, न्हुछेबहादुर डंगोल, मीरा राणा, कर्म योञ्जन, चेतन कार्की, दावा ग्याल्मो, दीपक जंगम, किरण प्रधान, राजेन्द्र थापा र नीर शाह सम्मानित भइसकेका छन् ।

उद्यमी तथा व्यवसायी कन्हैयाकृष्ण श्रेष्ठले आफ्नी ममतामयी आमा विजुलीमाया वन:को सम्झनामा २०६४ सालमा पुरस्कारको स्थापना गरेका हुन् ।

५० हजार रुपैयाँबाट सुरु गरिएका पुरस्कार राशी २०६७ सालदेखि एक लाख पुर्‍याइएको हो । कलासाधक भीम विरागको बहुआयामिक व्यक्तित्वप्रति सम्मान स्वरुप तरङ्ग साँस्कृतिक परिषद्को पहलमा वि.सं. २०५९ भदौ ७ गते भीम विराग संगीत साहित्य कला प्रतिष्ठानको स्थापना भएको हो ।

# युवा संघ नेपाल (समाजवादी) मकवानपुरको भेला

साझाकुरा संवाददाता

हेटौंडा, ८ मंसिर/युवा संघ नेपाल (समाजवादी) को जिल्ला कमिटी पुनर्गठन गर्ने उद्देश्यले एक विशेष भेला सम्पन्न भएको छ ।

भेला युवानेता रोशन बलको अध्यक्षतामा सम्पन्न भएको हो । भेलामा नेकपा (एकीकृत समाजवादी) को पोलिटब्युरो सदस्य तथा मकवानपुर जिल्ला इन्चार्ज मुनु सिग्देल प्रमुख अतिथि रहेकी थिइन् । कार्यक्रममा विशेषअतिथिको रुपमा पार्टीकी केन्द्रीय सदस्य मीनाकुमारी लामा, केन्द्रीय सल्लाहकार यादव गजुरेल तथा प्रदेश कमिटी सदस्य रामेशकुमार राईको उपस्थिति रहेको थियो । यस्तै पार्टी जिल्ला कमिटी पदाधिकारी, सचिवालय सदस्य, नगर तथा वडास्तरका प्रतिनिधि, युवानेता र कार्यकर्ताको उल्लेख्य उपस्थिति रहेको थियो । भेलामा प्रमुखअतिथि सिग्देलले युवा नै समाज परिवर्तनका मुख्य संवाहक भएको बताउँदै संगठनलाई अझ सशक्त र अनुशासित बनाएर स्थानीयस्तरमा जनताको पक्षमा संघर्ष गर्न आग्रह गरिन् ।

अध्यक्ष बलले युवा संघलाई नयाँ उचाइमा पुर्‍याउने प्रतिबद्धता व्यक्त गर्दै संगठन विस्तारमा सबैको एकताबद्ध भूमिका आवश्यक रहेको बताए । भेलाबाट युवा संघ नेपाल (समाजवादी) को नयाँ जिल्ला कमिटीसमेत गठन गरिएको छ । जसअनुसार अध्यक्षमा रोशन बल, उपाध्यक्षमा बुद्ध पाखिन, सचिवमा जनम बल र उपसचिवमा गौरव चयन भएका छन् । सुरेश स्याङ्तान, उमेश लामा, विकल्प स्याङ्तान, सुन्दर बल, फेन्चु लामा, दीपक बल, अमृत बल, आकाश मुक्तान, ईश्वर सम्बा र बुद्ध स्याङ्तान (जोन लामा) सचिवालय सदस्यकारुपमा चयन भएका छन् ।

हेटौंडा, थाहा नगरपालिका, मनहरी, भीमफेदी, राक्सिराङ, इन्द्रसरोवरलगायत विभिन्न स्थानबाट प्रतिनिधित्व हुने गरी सदस्य चयन गरिएको आयोजकले जनाएको छ । भेलाले संगठनलाई वडातहसम्म विस्तार गर्ने, नयाँ सदस्यता अभियान सञ्चालन गर्ने र राजनीतिक प्रशिक्षण कार्यक्रम अगाडि बढाउने निर्णय गरेको छ ।

# पशुपतिनाथ माविको स्वर्णजयन्ती साताब्यापी कार्यक्रम सुरु

# तलब भत्ताको रकमबाट विद्यार्थीलाई पोसाक

साझाकुरा संवाददाता

हेटौंडा, ८ मंसिर/ मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले आफूले प्राप्त गर्ने सेवासुविधापतको रकमबाट विद्यार्थीलाई विद्यालय पोसाक सहयोग गरेका छन् । मनहरी-४ मसिनेस्थित पशुपतिनाथ माविको स्वर्ण महोत्सवको उद्घाटन गर्दै मनहरी-४ का २३ जना विपन्न तथा दलित विद्यार्थीलाई सोमबार पोसाक हस्तान्तरण गरिएको हो ।



विद्यालयको स्वर्ण महोत्सव कार्यक्रम उद्घाटन गर्दै अध्यक्ष कालाखेतीले ४३ हजार मूल्य बराबरको पोसाक वितरण गरेका हुन् । विद्यालयले विपन्न विद्यार्थी पहिचान गरी सिफारिस गरेबमोजिम आफ्नो तलबभत्ताको रकमबाट सहयोग गरिएको अध्यक्ष कालाखेतीले बताए । २०७९ सालमा अध्यक्ष निर्वाचित हुँदैगर्दा कालाखेतीले आफूले पाउने तलब भत्ता विपन्न गाउँबासीका लागि खर्च गर्ने उद्घोष गरेका थिए । सोही उद्घोषबमोजिम उनले मनहरी-५ मा एक विपन्न एकल महिलाको घर निर्माण गरिसकेका छन् भने ६ नम्बर वडामा पनि घर निर्माणको काम चलिरहेको छ ।

पशुपतिनाथ माविले स्वर्ण महोत्सवका अवसरमा आयोजना गरेको सप्ताहव्यापी कार्यक्रम सोमबार अध्यक्ष कालाखेतीले विद्यालय प्रांगणमा झन्डोत्तोलन गरी उद्घाटन गरेका हुन् । स्वर्ण महोत्सवको उद्घाटनसँगै विद्यार्थीबीच चम्चागुच्चा दौड, बोरा दौड, चकलेट दौडलगायतका प्रतियोगिता गरिएको थियो । मनहरी गाउँपालिका भित्रका संस्थागत तथा सामुदायिक माविका विद्यार्थीबीच भलिवल प्रतियोगितासहित बिबिध कार्यकम गरी मंसिर १५ गते बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँद्वारा समापन गरिने विद्यालय व्यवस्थापन समिति अध्यक्ष माधव गौतमले जानकारी दिए । विव्यस अध्यक्ष गौतमको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा गाउँपालिका अध्यक्ष कालाखेतीको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा मनहरी-४ का वडाध्यक्ष प्रकाश थापा, मनहरी-९ का वडाध्यक्ष राजकुमार श्रेष्ठ, विद्यालय ब्यवस्थापन समितिका पूर्वअध्यक्ष पवन खड्का, पत्रकार महासंघ मकवानपुरका सचिव केशव समर्पण, रेडियो मनहरीका संचालक शिवकुमार काशीलगायतको आतिथ्यता रहेको थियो ।

# बाँसबाट दुईतले भवन बनाउन सकिने

साझाकुरा संवाददाता

हेटौंडा, ८ मंसिर/ सरकारले बाँसबाट निर्माण हुने संरचनाको डिजाइन सम्बन्धी मार्गदर्शन स्वीकृत गरेको छ । उर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले बाँसवाट निर्माण हुने संरचनाको डिजाइनसम्बन्धी मार्गदर्शन, २०८२ स्वीकृत गरेका छन् ।

मार्गदर्शनले बाँसलाई संरचनात्मक निर्माण सामाग्रीको रुपमा प्रयोग गरी एकदेखि दुईतले आवासीय, साना व्यावसायिक तथा औद्योगिक भवनको इन्जिनियरिङ डिजाइन र निर्माणलाई संस्थागत बनाउने मार्गप्रशस्त गरेको छ । सहरी विकास मन्त्रालयबाट स्वीकृत मार्गदर्शन कार्यान्वयनमा ल्याउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत स्थानीय तहमा परिपत्र गरिनेछ । स्टील र कंक्रिटमा आधारित निर्माण प्रविधि महँगो, पर्यावरणमा नकारात्मक प्रभाव पार्ने, ग्रामीण क्षेत्रमा निर्माण सामग्रीको सीमित पहुँचका कारण सस्तो र वातावरणमैत्री संरचनाको महत्व बढ्दै गएको छ ।

यसलाई ध्यान दिंदै परम्परागतरुपमा प्रयोग हुँदै आएको ग्रामीणस्तरमै उपलब्ध हुने बाँसलाई निर्माण सामग्रीको रुपमा प्रयोग गर्न प्रोत्साहन र प्रवर्द्धन गर्न मार्गदर्शनले जोड दिएको मन्त्री घिसिङले बताए । उनले ईंटा, सिमेन्ट र फलाम जस्ता सामग्रीमा निर्भरता घटाउँदै स्थानीय रुपमा उपलब्ध बाँसलाई संरचनात्मक प्रयोगमा ल्याउन सकिने र यसबाट किफायती संरचना निर्माण हुँदा विपन्न र गरिबीको रेखामुनि रहेका परिवारले पनि टिकाउ आवास बनाउन सक्ने उल्लेख गरे ।

बाँस छिटो बढ्ने वनस्पति भएका कारण यसको प्रयोगलाई प्रवर्द्धन गर्न सकिएमा अन्य निर्माण सामग्रीका कारण पर्यावरणमा परिरहेको नकरात्मक प्रभावलाई कम गर्न सकिने उनले बताए । अन्तर्राष्ट्रिय स्तरमा बाँसको भवन डिजाइन तथा निर्माण प्रविधि सम्बन्धमा भएका अध्ययन र अनुसन्धानबाट हासिल भएका तथ्य, ज्ञान र मापदण्डलाई आधार बनाएर मार्गदर्शन बनाइएको छ । मार्गदर्शनले बाँसको कटाई, ग्रेडिङ, रासायनिक उपचार, भण्डारण र प्रयोगलगायत विषयमा स्पष्ट मापदण्ड तोकेको छ ।

बाँसको प्रयोगद्वारा भूकम्प प्रतिरोधी, वातावरणमैत्री र लागत किफायती संरचना निर्माण गर्न सकिने सरल तथा सहज ढंगको डिजाइन विधि र आवश्यक विस्तृतीकरण सहित घरका नमुना डिजाइन समावेश गरिएको छ । मार्गदर्शन निर्मणका क्रममा सहरी विकास तथा भवन निर्माणका प्राविधिकसहित इन्जिनियरिङ अध्ययन संस्थान पुल्चोक र थापाथली क्याम्पस, नेपाल गुणस्तर तथा नापतौल विभाग र मदन भण्डारी विश्वविद्यालयमा आवश्यक परीक्षण गरिएको थियो ।

# चित्रकला कार्यशाला एवम् अन्तरक्रिया सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, ८ मंसिर/ हेटौंडामा भएको स्थलगत चित्रकला कार्यशाला एवम् अन्तरक्रिया सम्पन्न भएको छ । ललितकला प्रज्ञा प्रतिष्ठानको सहकार्यमा स्याटर्डे प्लेन एअर हेटौंडा शाखा र मकवानपुर हस्तक्ला संघको आयोजना तथा लायन्स क्लब अफ हेटौंडा, न्यु रेन्वो आर्ट ग्यालरी, विश्व आर्ट र रोट्र्याक्ट क्लब अफ मकवानपुरको सहयोगमा लायन्स क्लब अफ हेटौंडा, कर्रा, हेटौंडा-९ मा अन्तरक्रिया सम्पन्न भएको हो ।

ललितकला र यसका महत्वका विषयमा गरिएको अन्तर्क्रियामा प्रतिष्ठानका सदस्यसचिव देवेन्द्रकुमार काफ्ले 'थुम्केली'ले प्रतिष्ठानको उद्देश्य, गतिविधि र योजनाका विषयमा जानकारी गराएका थिए । उनले प्रतिष्ठानले देशभरि गरेका चित्रकला, मूर्तिकला, लोकक्ला, शिल्प-हस्तकला, परम्परागत कला, वास्तुकला, बहुआयामिक तथा अन्य सिर्जनात्मक कलालगायत कलाका विविधपक्षको पहिचानसँगै संरक्षण, प्रवर्द्धन र विकास गर्ने लक्ष्यका साथ गतिविधि गरिएको बताए । प्रतिष्ठानको टोलीमा सदस्यसचिव काफ्ले, वास्तुकला तथा लोककला विभागप्रमुख प्रदीप अधिकारी र शिल्प-हस्तकला विभाग प्रमुख अरुणा हिङमाङ रहेका छन् ।

छलफलमा स्याटर्डे प्लेन एअरका केन्द्रीय सचिव दिवेश प्रधानले ललितकलाको महत्व र स्याटर्डे प्लेनले गरिरहेका गतिविधिका बारेमा जानकारी गराएका थिए । कार्यक्रममा मकवानपुर हस्तकला संघका अध्यक्ष रमेशराज बज्राचार्यले प्रतिष्ठानसँग सहकार्य गरेर आगामी दिनमा कार्यक्रम गर्ने बताए ।

ललितकला प्रज्ञा प्रतिष्ठानको सहकार्यमा स्याटर्डे प्लेन एअर हेटौंडा शाखा र मकवानपुर हस्तकला संघको आयोजना तथा लायन्स क्लब अफ हेटौंडा, न्यु रेन्वो आर्ट ग्यालरी, विश्व आर्ट र रोट्र्याक्ट क्लब अफ मकवानपुरको सहयोगमा शनिवार बुद्धचोक, हेटौंडामा एक दिवसीय स्थलगत चित्रकला कार्यशाला सम्पन्न भएको छ । कार्यशालामा २० जना कलाकारको सहभागिता रहेको थियो ।

# राक्सिराङको विद्यालयमा शैक्षिक सामग्री वितरण

साझाकुरा संवाददाता

हेटौंडा, ८ मंसिर/ मकवानपुरको राक्सिराङ गाउँपालिका-३ लावतीस्थित प्राथमिक विद्यालयमा शैक्षिक सामग्री वितरण गरिएको छ ।

ग्रामीण असहाय बालबालिका सामुदायिक पुन:स्थापना केन्द्रको सहयोगमा एक कार्यक्रमबीच विद्यालय पोशाक, स्विटरलगायत शैक्षिक सामग्री वितरण गरिएको हो । कार्यक्रमका प्रमुखअतिथि वडा नम्बर ३ का वडाध्यक्ष उत्तम वाइबाले ग्रामीण क्षेत्रका बालबालिकाको शैक्षिक उज्यालो भविष्य निर्माण सबैको जिम्मेवारी भएको उल्लेख गरे । 'उनीहरु विद्यालयमा के सिकिरहेका छन्, उनीहरुको अनुशासन, संस्कार र पठनपाठनको वातावरण कस्तो छ भन्ने बुझ्न अभिभावक आफैं विद्यालय पुग्नुपर्छ । अभिभावक सक्रिय भएमात्र सिकाइको गुणस्तर अझ उच्च हुन्छ' उनले भने ।

शैक्षिक सामग्री अभावकै कारण धेरै ग्रामीण बालबालिका नियमितरुपमा विद्यालय आउन नपाउने समस्या समाधान गर्न यस प्रकारका सहयोगले ठूलो प्रेरणा पुगेको विद्यालय व्यवस्थापन समितिले जनाएको छ । कार्यक्रममा विद्यालय व्यवस्थापन समिति अध्यक्ष हीरालाल थिङ, प्रधानाध्यापक पृथ्वी वाइबा, सहयोगी संस्थाको प्रतिनिधि मानव वाइबालगायतको सहभागिता थियो ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना